मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १६८ ● २०८३ साल वैशाख २४ गते बिहीबार ● Thursday 07, May 2026 ● सूर्योदय: बिहान ०५:२३ बजे ● सूर्यास्त: साँझ ०६:४१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## अनधिकृत लिङ्क नखोल्न सीआईबीको आग्रह

**काठमाडौँ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले विद्युतीय कारोबारसम्बन्धी विभिन्न एप तथा प्रणालीको प्रयोग गरेर बैंक तथा वित्तीय संस्थाको खातामा रहेको रकम चोरी भइरहेकाले सावधानी अपनाउन आग्रह गरेको छ।

ब्यूरोले एक सूचनामार्फत विभिन्न व्यक्तिको मोबाइलमा कनेक्ट आइपिएससँग मिल्दो जुल्दो नाम राखेर विभिन्न मोबाइल नम्बर तथा विभिन्न एलर्ट पठाउने गरेको पाइएको जनाएको छ।

प्रयोगकर्तालाई 'फिसिङ लिङ्क' पठाइ व्यक्तिगत विवरण र बैंक खातामा अनधिकृत पहुँच पु¥याइ ठूलो मात्रामा बैंक खाताको रकम चोरी गर्ने प्रवृत्ति बढ्दै गएको ब्यूरोको भनाइ छ। ब्यूरोले यस्ता अनधिकृत लिङ्क नखोल्न तथा सचेत रहन आग्रह गरेको प्रवक्ता दिलीपकुमार गिरीले जानकारी दिए। रासस

# विवाहमा गोली काण्ड: १० दिन पुग्दा पनि आरोपी फरार, प्रहरी प्रशासन मौन




**मधेशदृष्टि**
**रौतहट।**
देशमा दुई तिहाइ बहुमतको सरकार बनेपछि कानूनी शासन सुदृढ हुने अपेक्षा गरिए पनि रौतहटको गरुडामा विवाह समारोहमै भएको खुलेआम गोली प्रहार प्रकरणले ठीक उल्टो चित्र देखाएको छ। घटना भएको १० दिन बितिसक्दा पनि न आरोपी पक्राउ परेका छन्, न हतियार बरामद–बरु प्रहरीको निष्क्रियता र स्थानीय प्रशासनको मौनताले राज्यसंयन्त्र नै प्रभावशालीको अगाडि झुकेको सन्देश दिएको छ। प्रमाण सार्वजनिक हुँदाहुँदै पनि कारबाही नहुनुले फेरि त्यही पुरानो प्रश्न उठाएको छ। के अहिले पनि 'सानालाई ऐन, ठूलालाई संरक्षण' नै लागू भइरहेको छ?

नेपाली समाजमा विवाह केवल दुई व्यक्तिबीचको सम्बन्ध मात्र होइन, परिवार, समुदाय र संस्कृतिको गहिरो समागम हो। तर यही पवित्र संस्कारमाथि हतियारको प्रदर्शन र गोली प्रहारजस्तो हिंसात्मक गतिविधि हावी हुन थालेपछि सामाजिक मूल्य र राज्यको कानूनी संरचनामाथि नै प्रश्न उठ्न थालेका छन्। रौतहटको गरुडा नगरपालिका–३ मलाही टोलमा वैशाख १३ गते राति आयोजित विवाह समारोहमा खुलेआम हवाई फायरिङ भएको घटनाले अहिले स्थानीयदेखि राष्ट्रिय तहसम्म तरंग पैदा गरेको छ। नगरपालिकाका लेखापाल सत्यनारायण सहनी र उनका एक सहयोगीले दुई नाले बन्दुक प्रयोग गरी पटक पटक आकाशतर्फ गोली चलाएको आरोप छ। सैयौँ जन्ती आफन्त र स्थानीयवासीको उपस्थितिमा भएको घटनापछि समारोहस्थलमा केही समय अफरातफरी मच्चिएको विशेषगरी बालबालिका र महिला त्रसित बनेको प्रत्यक्षदर्शीले बताएका छन्। घटनाको थप गम्भीर पक्ष भनेको ड्रोन क्यामेरालाई समेत लक्षित गरी गोली चलाइएको आरोप हो। यसले केवल प्रदर्शन मात्र नभई सम्भावित जोखिमपूर्ण नियततर्फ संकेत गर्ने भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

तर, घटना भएको १० दिनभन्दा बढी समय बितिसक्दा पनि न आरोपित व्यक्तिहरू पक्राउ परेका छन्, न प्रयोग गरिएको हतियार नै बरामद भएको छ। सार्वजनिक रूपमा भिडियो र तस्बिरहरू सामाजिक सञ्जालमा फैलिइसकेको, आरोपित व्यक्तिको पहिचान स्पष्ट भइसकेको अवस्थामा पनि प्रहरीको 'खोज्दैछौँ' भन्ने जवाफले झन् शंका र आक्रोश बढाएको छ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी शंकर प्रसाद आचार्यले 'अनुसन्धान भइरहेको' प्रतिक्रिया दिँदै भनेका छन्, 'हामीले हतियार र हतियार प्रदर्शन गर्ने व्यक्तिहरूलाई खोज्ने काम गरिरहेका छौँ।' तर, घटना सार्वजनिक भइसकेको, भिडियो तस्बिरहरू सामाजिक सञ्जालमा फैलिएको र आरोपित व्यक्तिहरू चिनिएका अवस्थामा पनि अझै 'खोज्दैछौँ' भन्ने प्रतिक्रिया आउनुले प्रहरी प्रशासनको कार्यक्षमतामाथि गम्भीर प्रश्न खडा भएको छ। उनीहरूको भनाइमा, सामान्य नागरिकले यस्तो गरेको भए, तत्काल पक्राउ भइसक्थ्यो तर लेखापाल सहनीको घर यसै नगरपालिका वडा नं २ गेडही गुठ्ठीमा छ भने घटना भएको दिनदेखि दिनहुँ नगरपालिका को गाडी बिहान बेलुका उसलाई लैजाने पुर्याउन कार्य गरे पनि प्रहरीले पक्राउ गर्न सकेको छैन् यसले कानून कार्यान्वयनमा दोहोरो मापदण्ड रहेको आशंका बलियो बनाएको छ।

नेपालको हातहतियार तथा खरखजाना ऐन, २०१९ ले इजाजतबिना हतियार राख्न, बोक्न वा प्रयोग गर्न स्पष्ट रूपमा निषेध गरेको छ। सार्वजनिक स्थलमा फायरिङ गर्नु र अरूको ज्यान जोखिममा पार्नु गम्भीर फौजदारी कसुर हो, जसमा कैद र जरिवाना दुवै सजायको व्यवस्था छ। साथै, मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत सार्वजनिक शान्ति भंग, डरत्रास फैलाउने र ज्यान जोखिममा पार्ने कसुरमा थप कारबाही हुन सक्छ। हतियार नियन्त्रण ऐन, २०१९ अनुसार अवैध रूपमा हातहतियार राख्न, बोकेर हिँड्न वा सार्वजनिक रूपमा प्रदर्शन गर्न पाइँदैन।

विवाह समारोहमा हातहतियार पड्काउँदा कानूनी रूपमा 'अवैध हतियारको दुरुपयोग' मानिन्छ।

सजाय हतियार नियन्त्रण ऐनको धारा १५ अनुसार तीन वर्षदेखि पाँच वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ।

**सामाजिक सञ्जालमा फोटो वा भिडियो अपलोड गर्ने**

मुलुकी अपराध संहिता धारा १२३ (३) अनुसार यसरी हातहतियार प्रदर्शन गरेको फोटो वा भिडियो सामाजिक सञ्जालमा अपलोड गरेर डरत्रास फैलाउने कार्य समेत अपराध मानिन्छ। यस्तो कार्यमा संलग्न भएमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ।

यस घटनाले अर्को गम्भीर पक्ष पनि उजागर गरेको छ। आरोपित व्यक्ति स्वयं सार्वजनिक पदमा कार्यरत कर्मचारी हुनु। सार्वजनिक सेवकबाट यस्ता गैरजिम्मेवार र कानूनविपरीत कार्य हुनु केवल व्यक्तिगत गल्ती नभई संस्थागत नैतिकता र विश्वसनीयतामाथि नै प्रहार भएको नागरिक समाजका अगुवाहरू बताउँछन्।

यसैबीच, सहनी विगतमा पनि भ्रष्टाचारसम्बन्धी मुद्दामा मुछिएका व्यक्ति भएको तथ्य बाहिर आएको छ। आर्थिक वर्ष २०७४–७५ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत पर्सा जिल्लामा भएको अनियमिततासम्बन्धी प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीसहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। उनीमाथि सार्वजनिक खरिद ऐन विपरीत काम गरेको, लागत अनुमान टुक्र्याएर कोटेशनमार्फत काम गराएको तथा गुणस्तरहीन निर्माणमा संलग्न भएको आरोप थियो।

यद्यपि, विशेष अदालतले लामो सुनुवाइपछि २०८० जेठ २ गते सहनीलाई आरोपबाट सफाइ दिएको थियो। अदालतको फैसलामा उनी सम्बन्धित कार्यालयको स्थायी दरबन्दीभित्र नपरी काजमा खटिएको कर्मचारी भएको र व्यक्तिगत लाभ लिएको प्रमाण नदेखिएको उल्लेख गरिएको थियो। तर, वर्तमान घटनाले पुनः उनको भूमिकामाथि प्रश्न उठाएको छ।

यस घटनालाई अझ व्यापक सन्दर्भमा हेर्दा मधेश प्रदेशका सीमावर्ती जिल्लाहरू सर्लाही, रौतहट, बारा, पर्सा, महोत्तरी, धनुषा, सिरहा र सप्तरी भारतसँगको खुला सीमाका कारण अवैध हातहतियार ओसारपसारको उच्च जोखिममा रहेको यथार्थ पनि जोडिन्छ। यस्ता हतियारहरू सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरूमा प्रदर्शन हुनु केवल कानूनी उल्लंघन मात्र होइन, सामाजिक असुरक्षाको संकेतसमेत हो।

त्यस्तै घटनापछि गरुडा नगरपालिकाका प्रशासकीय अधिकृत निलम कुमार न्यौपानेले पनि घटनाबारे ठोस धारणा नदिँदै 'आपसमा बसेर कुरा मिलाउने' संकेत दिएका छन्। उनको यस्तो अभिव्यक्तिले घटना ढाकछोप गर्न खोजिएको हो कि भन्ने आशंका स्थानीयमा झन् गहिरिएको छ।

घटना भएको दस दिन बितिसक्दा पनि न त प्रहरी प्रशासनबाट ठोस अनुसन्धान अघि बढाइएको छ, न त नगरपालिकाले कुनै अनुशासनात्मक कारबाही गरेको देखिन्छ। यसले राजनीतिक संरक्षण वा आर्थिक प्रभावका कारण घटना दबाउन खोजिएको हो कि भन्ने प्रश्न उठाएको छ। यदि यस्ता घटनामा प्रभावशाली व्यक्तिहरू उम्कँदै जाने हो भने, कानूनी शासनप्रतिको जनविश्वास कमजोर बन्दै जाने निश्चित छ भने एक कानूनविद् बताएका छन्।

## मधेशमा सरकार परिवर्तनको चर्चा तीव्र




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारबाट जनमत पार्टीले समर्थन फिर्ता लिएपछि नयाँ सरकार गठनको बहस तीव्र बनेको छ। राजनीतिक दलहरूबीच नयाँ समीकरण बनाउन दौडधुप सुरु भएको छ, जसमा जनता समाजवादी पार्टी (जसपा) नेपाल अग्रपंक्तिमा देखिएको छ।

जसपा नेपालले एमालेसँग सहकार्य गरेर सरकार गठन गर्ने तयारी अघि बढाएको छ। पार्टीका शीर्ष नेताहरू यतिखेर काठमाडौँमा आन्तरिक छलफलमा व्यस्त छन्। जसपा नेपालका एक नेताका अनुसार एमालेबाट समर्थनको सकारात्मक संकेत आइसकेको छ, तर सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा अझै टुङ्गो लागेको छैन।

मुख्यमन्त्रीको दौडमा जसपा नेपालबाट जितेन्द्र सोनल, सरोज यादव र लालबाबु राउत प्रमुख दाबेदारका रूपमा देखिएका छन्। यी तीनै जना यसअघि मुख्यमन्त्री भइसकेका अनुभवी नेता हुन्। पार्टी अध्यक्ष उपेन्द्र यादवसँग उनीहरूले निरन्तर परामर्श गरिरहेका छन्।

तर, जसपा नेपालभित्रै सरकारमा जाने–नजाने विषयमा मतभेद देखिएको छ। केही नेताहरू एमालेसँग सहकार्यको पक्षमा छन् भने अन्य नेताहरू भने चुनाव नजिकिएको भन्दै सरकार बाहिर बसेर तयारी गर्नुपर्ने धारणा राखिरहेका छन्। लोसपा नेपालसँगको एकता प्रक्रिया पूर्ण नहुँदा पनि अन्योल थपिएको छ। केन्द्रमा एकता भए पनि प्रदेश तहमा दुवै दल अलग–अलग संरचनामा रहेका छन् र नेतृत्व दाबी गरिरहेका छन्।

उता एमालेले भने तत्काल कुनै पक्षमा खुल्न हतार नगरेको संकेत दिएको छ। मधेश प्रदेश संसदीय दलका नेता सरोज यादवले आफ्नो पार्टी सरकार गठन वा विघटनको खेलमा नरहेको स्पष्ट पारेका छन्। उनका अनुसार विभिन्न दलबाट सहकार्यका प्रस्ताव आए पनि एमालेले औपचारिक निर्णय लिइसकेको छैन। उनले भविष्यमा सहकार्य गर्दा लिखित सहमति र स्पष्ट कार्ययोजना आवश्यक हुने बताएका छन्।

जसपा नेपालका प्रदेश संसदीय दलका नेता सरोज यादवले पनि अहिले सरकार गठनको विषयमा कुनै ठोस प्रक्रिया अघि नबढेको बताएका छन्। उनका अनुसार नयाँ सरकार बन्ने वा नबन्ने नै स्पष्ट नभएसम्म नेतृत्वबारे छलफल अर्थहीन हुने उनले बताएका छन्। उनले प्रदेशमा विकास निर्माणका काम ठप्प भएको र त्यसको मुख्य जिम्मेवारी मुख्यमन्त्रीमाथि पर्ने जिकिर गरेका छन्।

यसैबीच जसपा नेपालका नेता शैलेन्द्र साहले लोसपा नेपालसँगको एकता प्रक्रिया टुङ्ग्याएपछि मात्र सरकार गठनबारे निर्णय लिइने बताएका छन्।

मधेश प्रदेशसभामा १२ सांसद रहेको जनमत पार्टीले समर्थन फिर्ता लिए पनि पार्टीभित्रै विवाद देखिएको छ।

अर्थमन्त्री महेश यादव र मन्त्री वसन्त कुशवाहा अझै सरकारमै छन् र समर्थन फिर्ताको निर्णयमा असहमति जनाएका छन्। जनमत पार्टीले महेश यादवलाई हटाएर चन्दन सिंहलाई संसदीय दलको नेता चयन गरिसकेको छ।

तर मुख्यमन्त्री कृष्ण यादवले जनमत पार्टीको आन्तरिक विवादले सरकारमा कुनै प्रभाव नपरेको दाबी गरेका छन्। उनका अनुसार गठबन्धनका अन्य दलहरूले अझै सरकारलाई साथ दिइरहेका छन्।

संख्यात्मक हिसाबले मधेश प्रदेशसभामा एमालेका २४, कांग्रेसका २२, जसपा नेपालका १८, लोसपा नेपालका ८, माओवादी केन्द्र र एकीकृत समाजवादीका १५, जनमत पार्टीका १२ तथा अन्य साना दलका सदस्य छन्। जसपा नेपाल र लोसपा नेपालबीचको एकतापछि जसपा प्रदेशकै सबैभन्दा ठूलो शक्ति बनेको छ, जसका कारण उसले सरकारको नेतृत्वमा दाबी गरेको हो।

समग्रमा, मधेश प्रदेशको राजनीतिमा अहिले तीव्र शक्ति संघर्ष चलिरहेको छ। दलहरूबीचको आन्तरिक विवाद र नयाँ गठबन्धनको सम्भावनाले आगामी दिनमा सरकार परिवर्तन हुने संकेत देखिएको छ।




## जनमतको फिर्तासम्बन्धी जानकारी सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारलाई दिएको समर्थन जनमत पार्टीले फिर्ता लिएसँगै प्रदेशको राजनीतिक समीकरण फेरि तरंगित बनेको छ।

प्रदेश प्रमुख कार्यालयले बुधबार जारी गरेको विज्ञप्तिअनुसार जनमत पार्टीले वैशाख २२ गतेदेखि लागू हुने गरी सरकारप्रतिको आफ्नो समर्थन फिर्ता लिएको औपचारिक जानकारी गराएको छ।

यस निर्णयसँगै वर्तमान सरकार संवैधानिक रूपमा अल्पमतमा पर्ने सम्भावना बढेको छ। नेपालको संविधानको धारा १६८ को उपधारा (२) अनुसार गठन भएको सरकारका प्रमुख समर्थकमध्ये एक दल बाहिरिएपछि अब सरकारले विश्वासको मत लिनुपर्ने वा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्न सक्ने देखिएको छ।

जनमत पार्टीको यो कदमले मधेश प्रदेशको राजनीतिक स्थिरतामा थप चुनौती सिर्जना गरेको विश्लेषण भइरहेको छ। बदलिँदो शक्ति समीकरणबीच दलहरूबीच नयाँ गठबन्धनको प्रयास तीव्र हुने अनुमान गरिएको छ।

अब प्रदेश प्रमुखले संवैधानिक व्यवस्थाअनुसार आवश्यक प्रक्रिया अघि बढाउने तयारी गर्ने विश्वास गरिएको छ।

## भट्ट र अग्रवाललाई १२ दिन हिरासतमा राख्न अनुमति




**मधेशदृष्टि**
**काठमाडौँ।**
विशेष अदालतले हिरासतमा रहेका व्यवसायीद्वय दीपक भट्ट र सुलभ अग्रवाललाई १२ दिन हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको छ। सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) को कसुरमा उनीहरूलाई पक्राउ गरेर अनुसन्धान भइरहेको छ। बुधबार विशेष अदालतका न्यायाधीशहरू हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले थप १२ दिन हिरासतमा राख्न अनुमति दिएको हो। सुलभ शंकर ग्रुपका सञ्चालक हुन्। उनको हकमा छैटौंपटक म्याद थप भएको हो भने व्यवसायी भट्टको हकमा पाँचौँपटक म्याद थप भएको हो। सम्पत्ति शुद्धीकरण विभागले नेपाल प्रहरीको केन्द्रीय अन्सन्धान ब्युरो (सीआईबी)को समन्वयमा व्यवसायी भट्टलाई चैत १९ गते काठमाडौंबाट पक्राउ गरेको थियो। त्यसपछि चैत २२ गते शंकर ग्रुपका सञ्चालक सुलभ अग्रवाल पनि पक्राउ परेका थिए।

# ठोरी–माडी सडकमा बस चेकजाँचः ४७५ क्याप्सुलसहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरीबाट चितवनको माडीतर्फ जाँदै गरेको यात्रुबाहक बसमा चेकजाँचका क्रममा प्रतिबन्धित लागू औषधसहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा चितवनको माडी नगरपालिका–८ का १९ वर्षीय विश्वास परियार रहेका छन्।

सोमबार ठोरीबाट छुटेको बा.प्र. ३–००१ ख २६०४ नम्बरको बसलाई इलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको टोलीले चौतारामा रोकेर जाँच गर्दा परियारको पाइन्टको खल्तीमा लुकाइ राखिएको ४७५ थान लेबोरोट क्याप्सुल फेला परेको थियो।

प्रहरीले बरामद लागू औषधसहित परियारलाई नियन्त्रणमा लिएर उनीमाथि लागू औषधसम्बन्धी कसूरमा अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# बहुअरीको मदरसामा सचेतना कार्यक्रमः महिला हिंसा र ट्राफिक सुरक्षाबारे १५० विद्यार्थी अभिमुखीकृत



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१४ बहुअरीस्थित मदरसा तौहिदुल इस्लाम सलफियामा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी महिला हिंसा र ट्राफिक सचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । समुदाय–प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा करिब १५० जना छात्र–छात्राको सहभागिता रहेको थियो ।कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख युवराज कटवाल तथा जिल्ला प्रहरी कार्यालय पर्साकी प्रहरी निरीक्षक सोनी नेमाफुकीले सहजीकरण गर्दै विद्यार्थीहरूलाई विभिन्न सामाजिक तथा ट्राफिकसम्बन्धी विषयमा जानकारी गराएका थिए।

सहजीकरणका क्रममा बालविवाह र दाइजो प्रथाले समाजमा पारिरहेको नकारात्मक असरबारे सचेत गराइएको थियो भने बालबालिकामाथि हुने घरेलु हिंसा तथा ग्रामीण क्षेत्रमा देखिने महिला हिंसा न्यूनीकरणका उपायबारे पनि विस्तृत रूपमा जानकारी दिइयो । त्यस्तै, सडक सुरक्षालाई ध्यानमा राख्दै ट्राफिक नियमको पालना, ट्राफिक संकेतको बुझाइ तथा सुरक्षित रूपमा सडक पार गर्ने तरिकाबारे पनि विद्यार्थीहरूलाई व्यवहारिक जानकारी प्रदान गरिएको कार्यक्रम संयोजक दिलीपराज कार्कीले बताए।

स्टार युथ क्लबका अध्यक्ष सम्साद अलीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा ट्राफिक प्रहरी निरीक्षक कटवाल प्रमुख अतिथिका रूपमा सहभागी थिए । साथै मदरसाका प्रधानाध्यापक अकबर हवारी, स्थानीय समाजसेवी, युवा अभियान्ता लगायतको पनि उल्लेख्य उपस्थिति रहेको थियो।

कार्यक्रमले विद्यार्थीहरूमा सामाजिक सचेतना अभिवृद्धि गर्नुका साथै सुरक्षित र जिम्मेवार नागरिक बन्न प्रेरित गरेको आयोजकले जनाएको छ।

## इनड्राइभ वर्ल्ड इकोनोमिकफोरमको 'युनिकर्न कम्युनिटी'मा आवद्ध




**काठमाडौं, नेपाल-** विश्वव्यापीमोबिलिटी तथाडेलिभरी प्लेटफर्म इनड्राइभ, वर्ल्ड इकोनोमिकफोरम World Economic Forum -WEF को **'युनिकर्न कम्युनिटी'** माआधिकारिक रूपमा आवद्ध भएको छ । निमन्त्रणामार्फत मात्र समावेश गरिने यो प्रतिष्ठित समुदायउच्च-विकासदर भएकाकम्पनीहरूको समूहहो, जसलाई नवप्रवर्तनलाई अघि बढाउँदै सकारात्मकविश्वव्यापीप्रभावसिर्जना गर्नेयोगदानकालागिमान्यता दिइन्छ ।

नेपालकाविभिन्न सहरहरूमाआफ्नो सेवाविस्तार गर्दैआएको इनड्राइभले प्रविधिको प्रभावकारी प्रयोगमार्फत आमनागरिककालागि अझ न्यायोचितर समावेशी डिजिटल अर्थतन्त्रनिर्माणमा सक्रिययोगदान पुऱ्याउँदै आएको छ ।कम्पनीको विश्वास अनुसार, पारदर्शितावृद्धि गर्दैप्रयोगकर्तालाई रोजाइको स्वतन्त्रताप्रदानगर्नुका साथै सरोकारवालाहरूको हितबीच सन्तुलनकायमगर्न सके मात्रदिगो सफलताहासिलगर्न सकिन्छ ।

युनिकर्न कम्युनिटीमा इनड्राइभको सहभागिताले निष्पक्षपहुँच, आर्थिक अवसरको विस्तार तथा समावेशीतालाई थप प्रवर्द्धन गर्नेलक्ष्य राखेको छ ।यसको मानव-केन्द्रितप्लेटफर्म मोडेलले यात्रु र चालकबीचप्रत्यक्षमूल्यवार्ताको सुविधाउपलब्ध गराउँदै डिजिटल बजारमापारदर्शिता र विश्वास**लाई** मजबुत बनाउँछ ।साथै, महिलाउद्यमशीलता, शिक्षा, कलातथा समुदाय-केन्द्रितपहलहरूमा सञ्चालनभइरहेका गैरनाफामूलककार्यक्रममार्फत सामाजिकप्रभावविस्तार गर्नेकम्पनीको प्रतिबद्धता पनि सुदृढ हुँदै गएको छ ।

**इनड्राइभका फाउन्डर एन्ड सीईओ आर्सेन टम्स्कीले भने**, "वर्ल्ड इकोनोमिकफोरमको युनिकर्न कम्युनिटीमा आवद्ध हुनु इनड्राइभका लागि महत्वपूर्ण उपलब्धिहो ।यसले हाम्रो विश्वव्यापीविस्तारलाई थपबलियो बनाउनुका साथै हाम्रो प्रभावलाई अझव्यापकबनाउनेछ ।हाम्रो मूल उद्देश्य सधैं अन्यायलाई चुनौतीदिँदै प्रयोगकर्तालाई आफ्नो निर्णयमाथि बढी नियन्त्रण दिने हो ।विशेषगरी तीव्र गतिमाविकास भइरहेकातथा सेवाअभावभएकाबजारहरूमा समावेशी, पारदर्शी रन्यायसंगत डिजिटल अर्थतन्त्रनिर्माणसम्बन्धीअन्तर्राष्ट्रिय संवादमायोगदानदिनहामी प्रतिबद्ध छौं ।"

वर्ल्ड इकोनोमिकफोरम (World Economic Forum) सार्वजनिक-निजी सहकार्यलाई प्रवर्द्धन गर्ने एक अन्तर्राष्ट्रिय संस्थाहो, जसले नवप्रवर्तन, उद्यमशीलतार सहकार्यको माध्यमबाट विश्वव्यापीचुनौतीहरूको समाधानखोज्न र दीगो भविष्यनिर्माण गर्न नेतृत्वदायी संवादलाई अघि बढाउँछ ।फोरमअन्तर्गतको युनिकर्न कम्युनिटी 'ग्लोबल इनोभेटर कम्युनिटी'को एक महत्वपूर्ण अंगहो, जसले सार्वजनिकतथानिजीक्षेत्रका नेतृत्वहरूसँग सहकार्य गर्दै वर्तमान संकट समाधान र दीगो विकासकालागिनयाँमार्गचित्रतयार गर्न सहयोग पुऱ्याउँछ ।

हाल इनड्राइभ विश्वका ४८ भन्दा बढी देशका १,००० भन्दा बढी सहरहरूमा सञ्चालनमा रहेको छ र यो विश्वकै सबैभन्दा धेरै डाउनलोड हुने मोबिलिटी एपहरूमध्ये एकको रूपमा स्थापितभइसकेको छ, विशेषगरी उदीयमानबजारहरूमायसको प्रभावउल्लेखनीय रहेको छ । कम्पनीको 'पियर-टु-पियर' मूल्यनिर्धारण मोडेलले यात्रु र चालकलाई प्रत्यक्ष रूपमा भाडा तय गर्ने सुविधाप्रदानगर्दैसेवामापहुँचविस्तार र सेवाप्रदायकहरूको आम्दानीमान्यायोचितता सुनिश्चितगर्न सहयोग पुऱ्याउँछ ।

नेपालमापनि इनड्राइभले पारदर्शी मूल्यनिर्धारण प्रणालीमार्फत चालक साझेदारहरूलाई सशक्तबनाउँदै विभिन्न सहरी तथाअर्ध-सहरी क्षेत्रमा सहज, सुलभ र विश्वसनीययातायातविकल्पउपलब्ध गराउने दिशामाआफ्नो उपस्थिति निरन्तर विस्तार गरिरहेको छ ।

युनिकर्न कम्युनिटीमा आवद्धतासँगै इनड्राइभले विश्वका अग्रणी कम्पनीतथानीतिनिर्माताहरूसँग सहकार्य गर्दै सहरी गतिशीलता, डिजिटल समावेशीकरण र आर्थिक अवसरका नयाँआयामहरू विकास गर्नेछ ।साथै, नेपालजस्ताउदीयमानबजारका अनुभव, चुनौतीर सफलताहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुतगर्दैविश्वव्यापी संवादमा सार्थक योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

# वीरगंज–३० मा भोजपुरी गीतमा रोकः गाउँ भेलाको कडा निर्णय, उल्लंघन गरे कारबाही

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नम्बर ३० मा सामाजिक अनुशासन कायम गर्न भन्दै गाउँ भेलाले कडा निर्णयहरू गरेको छ । बुधबार वडाध्यक्ष मनोज कुमार यादवको अध्यक्षतामा बसेको भेलाले विवाह, भोजलगायत कुनै पनि निजी वा सार्वजनिक कार्यक्रममा भोजपुरी गीत बजाउन पूर्ण प्रतिबन्ध लगाउने सर्वसम्मत निर्णय गरेको हो।

वडाध्यक्ष यादवका अनुसार, उक्त निर्णय उल्लंघन गर्ने जो–कोहीलाई कारबाहीसहित नगद जरिवाना गरिनेछ। साथै, विवाहको जन्तीमा सम्बन्धित परिवारको अनुमति बिना प्रवेश गर्ने व्यक्तिलाई पनि नियन्त्रणमा लिएर जरिवाना गर्ने व्यवस्था गरिएको छ।

गाउँमा बढ्दो अव्यवस्था नियन्त्रण गर्न अन्य कडा नियमहरू पनि लागू गरिएको छ । अब वडाभित्र सञ्चालनमा रहेका मदिरा पसलहरू बेलुकी ८ बजेभित्रै बन्द गर्नुपर्नेछ। त्यस्तै, राति १० बजेपछि आफ्नै घर बाहेक गाउँमा



अनावश्यक रूपमा हिंडडुल गर्न नपाइने तथा मदिरा सेवन गरी सार्वजनिक स्थलमा होहल्ला गर्नसमेत निषेध गरिएको छ । यी नियम उल्लंघन गर्ने व्यक्तिलाई सुरक्षाकर्मीको सहयोगमा नियन्त्रणमा लिएर कारबाही गरिने जनाइएको छ।

वडाध्यक्ष यादवले पछिल्लो समय गाउँमा सामाजिक परम्पराको नाममा विकृति बढ्दै गएको, मदिरा सेवनपछि झैझगडा हुने घटनामा वृद्धि भएको र समग्र सामाजिक वातावरण प्रभावित हुन थालेपछि यस्तो निर्णय लिन बाध्य भएको बताए।

उक्त गाउँ भेलामा जनप्रतिनिधि, नेपाल प्रहरीका प्रतिनिधि, राजनीतिक दलका स्थानीय अगुवा, समाजसेवी तथा युवाहरूको उल्लेख्य सहभागिता रहेको थियो।

# कोहिनूर बचत तथा ऋृण सहकारी संस्था लि.

बिरगंज-१५,पर्सा

## डांक बढाबढ द्वारा लिलामी बिक्रीको सुचना

प्रकाशित मिति :- २०८३/०१/२४

टेलिफोन नं.:- ०५१५९१५३४, Gmail:-kohinoorsahakari@gmail.com

तपशिलमा उल्लेखित सदस्यहरुले निम्न लिखित चल/अचल सम्पति धितो सुरक्षणमा राखी यस संस्थाबाट देहाय बमोजिम कर्जा लिएकोमा म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तरताकेता गर्दा पनि हाल सम्म कर्जा चुक्ता नगरेकाले अन्तिम पटक यो सुचना प्रकाशित गरिएको छ। तसर्थ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा साँवा रकम र सो चुक्ता गर्नु भन्दा अघिल्लो दिन सम्मको सम्पूर्ण ब्याज समेत चुक्ता गर्न आउनु हुन सम्बन्धित ऋणीलाई र व्यक्तिगत वा धितो जमानी दिनुहुने व्यक्तिहरुलाई समेत आह्वान गरिन्छ। उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नभएमा ३६ औ दिन धितो सुरक्षणमा रहेको चल/अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मितिमा सार्वजनिक डांक बढाबढद्वारा लिलाम बिक्रि गरिने हुँदा लिलाममा डांक बढाबढ गरिलिन इच्छुक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै उपरोक्तानुसार डांक बढाबढद्वारा लिलाम बिक्रि हुन नसकेमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पति संस्थालाई उपयुक्त लागेमा संस्था आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्ष्ण बिवरण |
|---|---|---|
| १. | ऋणी : कुटुरुस मिया<br>पत्नी : नईमा खातुन<br>बुवा : हनिफ मिया धोबी<br>बाजे : शेख मिया धोबी<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री शेख मिया धोबी को नाती हनिफ मिया धोबी को छोरा कुटुरुस मिया पर्सा जिल्ला बहुअरी पिडरी वडा नं.१ बस्ने ना.प्रा.नं.३४/०१/७१/०८४३७ मिति २०७१/११/११ पर्सा बर्ष २८ को कुटुरुस मिया को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ७ स्थितको किता नं. ७४६ को जग्गाको क्षेत्रफल ०-०-७-४ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| २. | ऋणी : भागवत सिंह राजपुत<br>पत्नी : सारदा देवी<br>बुवा : बैजनाथ सिंह<br>बाजे : अनमोल सिंह<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री अनमोल सिंह को नाती बैजनाथ सिंह को छोरा भागवत सिंह राजपुत पर्सा जिल्ला सिर्सिया नौ.त.ज वडा नं. ९ बस्ने ना.प्रा.नं. ८८७०१००५ मिति २०३५/०३/२६ पर्सा बर्ष ८२ को भागवत सिंह राजपुत को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सिर्सिया नौ.त.ज वडा नं. ९ स्थितको किता नं. ८०,८२,१८१,२७२,२७४ को जग्गाको क्षेत्रफल ०-२-९-०,०-०-८-४,०-०-३-१२, ०-०-११-०,०-०-१०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ३. | ऋणी : हाजमा खातुन<br>पति : मजरुल हक मिया<br>बुवा : चोकट मिया<br>ससुरा : बसारथ मिया<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री बसारथ मिया को बुहारी मजरुल हक मिया को श्रीमति हाजमा खातुन पर्सा जिल्ला पचरुखी वडा नं. ८ बस्ने ना.प्रा.न ३४१०५८/९६ मिति २०६५/०१/१० पर्सा बर्ष ५२ को हाजमा खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला पचरुखी वडा नं.८ स्थितका किता नं.६९४,३५९ को जग्गाको क्षेत्रफल ०-७-०-०,०-५-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ४. | ऋणी : बिगनी देवी<br>पति : असर्फी महतो नुनिया<br>बुवा : जितन महतो नुनिया<br>ससुरा : ठग महतो<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री ठग महतो को बुहारी असर्फी महतो नुनिया को श्रीमति बिगनी देवी पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०४ बस्ने ना.प्रा.नं. ३४३००६/८० मिति २०६३/१२/११ पर्सा वर्ष ४४ को बिगनी देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०४ स्थितको किता नं. २०८,९७ को जग्गाको क्षेत्रफल ४३८.३४, ३२१.६७ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ५. | ऋणी : रेखा देवी<br>पति : राम बाबु प्रसाद यादव<br>बुवा : चन्द्रिका राउत अहिर<br>ससुरा : गोरख राउत अहिर<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री गोरख राउत अहिर को बुहारी राम बाबु प्रसाद यादव को श्रीमति रेखा देवी बारा जिल्ला बरैनिया वडा नं. ०२ बस्ने ना.प्रा.नं. ३३३०८८/४६४ मिति २०६३/१०/१२ बारा बर्ष ४४ को रेखा देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा नगवा वी र बागेश्वरी तित्रौना वडा नं. ३ख र ५,६ स्थितको किता नं. २२०,२२१ र ४९१,२१३ को जग्गाको क्षेत्रफल ०-०-६,०-०-६-८ र ०,०२०५.००, ०,०३००.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ६. | ऋणी : सैमुला खातुन<br>पति : मनिर मिया<br>बुवा : करमुल्लाह मिया<br>ससुरा : नसिव मियाँ<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री नसिव मिया को बुहारी मनिर मिया को श्रीमति सैमुला खातुन पर्सा जिल्ला मनियारी वडा नं. ०६ बस्ने ना.प्रा.नं. ७९४७ मिति २०६४/०१/२५ पर्सा वर्ष ४९ को सैमुला खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला मनियारी वडा नं.०५ स्थितको किता नं. ११५७ को जग्गाको क्षेत्रफल ०-०-८-९.५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ७. | ऋणी : हेमन्ती सोनारिन<br>पति : रामकृत सा सोनार<br>बुवा : निर्गुण साह सोनार<br>ससुरा : महेन्द्र सा सोनार<br>**कर्जा शिर्षक :व्यपारकर्जा** | श्री महेन्द्र सा सोनार को बुहारी रामकृत सा सोनार को श्रीमति हेमन्ती सोनारिन बारा जिल्ला नरही वडा न. ४ बस्ने ना.प्रा.न १८१३/०९८२ मिति २०४६/११/१७ बारा वर्ष ५९ को हेमन्ती सोनारिन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला नगवा बी वडा नं. ७ स्थितको किता नं. ३५९ को जग्गाको क्षेत्रफल ०-०-५ $^{१/२}$ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |

**लिलामीशर्तहरु :-**

१) लिलामीमा सबै भन्दा बढी बोलकवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा बैंक जमानत धरौटी वापत त्यसै दिन यस संस्थामा बुझाउनु पर्नेछ।
२) डांक बढाबढ गर्दा सबैभन्दा बढीकबोल गर्ने व्यक्तिलाई सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।
३) लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतजफत हुनेछ। लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकमफिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन्।
४) तपशिलमा उल्लेखित कर्जाहरुको लिलामी कार्य यो सूचना प्रकाशित भएको ३६औ दिन अर्थात मिति २०८३/०२/२८ का दिन यस संस्थामा दिनको २:०० बजे देखि ३:०० बजे सम्म यस संस्थाको कार्यालयमा हुनेछ। तोकिएको दिन लिलामी कार्य सम्पन्नहुन नसकेमा वा संस्था विदा परेमा सोको लगतै संस्था खुलेको दिन सोही समयमा लिलाम कार्य हुनेछ।
५) लिलाम बिक्रि हुने सम्पति हेर्न चाहाने वा लिलाम बिक्रि हुने सम्पति वापत ऋणीले तिर्न बुझाउन बाँकी रहेको रकम बारे जानकारी लिन चाहने व्यक्तिले यस संस्थाको कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जानकारी लिन सकिनेछ।
६) डांक बढाबढको सुरुवात अचल सम्पतिको न्युनतम मूल्यबाट शुरु गरिने छ।
७) डांक बढाबढको कार्य यस संस्थाको कार्यालयमा हुनेछ।

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र व्यापारिक कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुनपुन : अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रिको कार्य हुने भएकोले उक्तदिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लेखित धितो सम्पति लिलाम बिक्रि गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था सकार गरिलियो भनि कहिकतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्रि गर्दापुर्न मुल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्था सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानीदिनेहरुको अन्यश्री सम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिएको छ।

## लोककल्याणकारी विज्ञापन अनुगमन कडाइः

# पर्सामा रेडियो–टिभीको स्थलगत निरीक्षण तीव्र



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला हुलाक कार्यालय पर्साले लोककल्याणकारी विज्ञापन प्रसारणको प्रभावकारिता र मापदण्ड पालनाको अवस्थाबारे अनुगमन अभियानलाई तीव्र बनाएको छ। यही क्रममा पोखरिया स्थित रेडियो पोखरियामा स्थलगत निरीक्षण गरिएको छ।
रेडियो पोखरियाका प्रबन्ध निर्देशक शम्भु कुमार सुमनका अनुसार विज्ञापन बोर्डमार्फत प्रसारण भइरहेका लोककल्याणकारी सन्देशहरू प्रभावकारी रूपमा प्रसारित भइरहेका छन् कि छैनन् भन्ने विषयमा अनुगमन केन्द्रित गरिएको थियो।
जिल्ला हुलाक कार्यालय पर्साका प्रमुख नमनाथ यादवको नेतृत्वमा सम्पन्न उक्त अनुगमनमा जिल्ला प्रशासन कार्यालय पर्साका शाखा अधिकृत विनय गुप्ता तथा नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाललगायतको सहभागिता रहेको थियो।
अनुगमन टोलीले सञ्चार माध्यमहरूले विज्ञापन प्रसारण गर्दा अपनाउनुपर्ने मापदण्ड, समय व्यवस्थापन र सामग्रीको गुणस्तरबारे जानकारी लिँदै सम्बन्धित निकायले तोकेको निर्देशिका पालना गर्न सुझाव दिएको जनाएको छ।
प्रमुख यादवका अनुसार पर्सा जिल्लाभित्र सञ्चालनमा रहेका अन्य रेडियो तथा टेलिभिजन संस्थाहरूमा पनि क्रमिक रूपमा यस्तै स्थलगत अनुगमन जारी रहनेछ।
उनले लोककल्याणकारी सन्देश प्रभावकारी ढंगले जनतासम्म पु¥याउने उद्देश्यले यस्तो निगरानीलाई प्राथमिकता दिइएको स्पष्ट पारे।

## भाडा घटेपछि सिमरा सेजमा औद्योगिक उछालः

# उत्पादन सुरु, दर्जनौँ उद्योग निर्माणाधीन, हजारौँ रोजगारीको सम्भावना

**हरिशंकर शर्मा**
**वीरगंज।**
सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज) अहिले औद्योगिक गतिविधिको मुख्य केन्द्रका रूपमा उदाउँदै गएको छ । सरकारले सेजको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जग्गा भाडामा ठूलो सहुलियत दिएपछि यहाँ उद्योग सञ्चालन, निर्माण र लगानीमा उल्लेखनीय वृद्धि भएको हो।
विशेष आर्थिक क्षेत्र प्राधिकरणअन्तर्गत कुल ८३३ बिघा क्षेत्रफलमध्ये हाल ३४३ बिघा जमिन रहेको ‘ए’ ब्लकमा मात्रै उद्योग सञ्चालन र निर्माणको चहलपहल तीव्र बनेको छ । यस क्षेत्रमा अहिले आधा दर्जनभन्दा बढी उद्योगले उत्पादन सुरु गरिसकेका छन् भने करिब एक दर्जनभन्दा धेरै उद्योग निर्माणाधीन अवस्थामा रहेका छन्।
सेज प्रमुख पप्पु गिरीका अनुसार ‘सेज परिसरमा रहेका आधा दर्जन उद्योगले अहिले उत्पादन गरिरहेका छन् भने एक दर्जनभन्दा बढी उद्योग निर्माणाधीन अवस्थामा छन् ।’
हाल सञ्चालनमा रहेका उद्योगहरूमा पशुपति सेरामिक्स प्रालिले टायल तथा सेरामिक्स सामग्री उत्पादन गर्दै करिब ४५० जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी दिएको छ । ब्रिलियन्ट शुज प्रालिले जुत्ता–चप्पल उत्पादन गरिरहेको छ भने बालाजी



म्यानुफ्याक्चरिङले पंखा, चुलोजस्ता सामग्री उत्पादन गर्दै आएको छ । नेपाल एग्रो टुल्सले कृषि उपकरण, एसीएम भेहिकल्स (एसियन भेहिकल्स) ले विद्युतीय सवारी तथा बायोकल्प (बायो कम्प) नेपालले आफ्ना उत्पादनहरू बजारमा ल्याइरहेका छन्।
हाल सञ्चालनमा रहेका उद्योगहरूले मात्रै करिब ७ सयभन्दा बढीलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराएका छन् । सेजका सबइन्जिनियर अजयकुमार चौधरीका अनुसार सिमरा सेजमा औसत उद्योगले २ करोडदेखि २ सय करोड रुपैयाँसम्म लगानी गरेका छन् । सरकारले यस वर्षको बजेटमार्फत सेजको जग्गा भाडा प्रतिवर्ग मिटर २० रुपैयाँबाट घटाएर ५ रुपैयाँ कायम गरेपछि नयाँ उद्योग भित्रिने क्रम ह्वात्तै बढेको छ । यही सहुलियतका कारण यस वर्ष मात्रै झण्डै एक दर्जन उद्योग निर्माणाधीन अवस्थामा पुगेका छन्, जसमा आधाभन्दा बढीमा भारतीय, चिनियाँ र दक्षिण कोरियाली लगानीकर्ता सहभागी छन्।
निर्माणाधीन उद्योगहरूमा भारतको एजिएल समूह र नेपाली लगानीकर्ताको संयुक्त लगानीमा करिब ५ सय करोड रुपैयाँको नेपोभिट सेरामिक्स प्रालि रहेको छ, जसले टायल र सेनिटरी सामग्री उत्पादन गर्नेछ। दक्षिण कोरियाली लगानीमा केमेक्स हिमालयनले श्रृङ्गार सामग्री उत्पादन गर्नेछ भने नेपाली–भारतीय संयुक्त लगानीमा रेम्बो ग्रेनाइट र इन्डो एग्रो (पाम तेल उत्पादन) निर्माणाधीन छन्।
पूर्ण रूपमा भारतीय लगानीमा ओमकार ग्रेनाइट निर्माण भइरहेको छ भने चिनियाँ लगानीमा ग्याङ उइङ बायो टेक्नोलोजीले औषधिको कच्चा पदार्थ उत्पादन गर्नेछ । नेपाली–चिनियाँ संयुक्त लगानीमा ला डी कर प्रालिले आल्मुनियम उत्पादन गर्ने तयारी गरेको छ। भारतीय लगानीमा ओम मेगा श्री प्रालिले डाइपर र सेनिटरी प्याड, हुलास समूहको हुलास केवलले तार, ‘मा तारा प्रालि’ ले मसला तथा एभरेष्ट फेसन प्रालिले हस्तकलाका निर्यातमुखी सामग्री उत्पादन गर्ने गरी पूर्वाधार निर्माण गरिरहेका छन्।
यी सबै उद्योग सञ्चालनमा आएपछि थप करिब १ हजार जनाले पूर्णकालीन रोजगारी पाउने अपेक्षा गरिएको छ । सेज संरचनागत रूपमा पनि विस्तारको चरणमा रहेको छ। ‘ए’ ब्लकमा ३४३ बिघा जमिन उपयोगमा आइसकेको छ भने ‘बी’ ब्लकमा १२८ बिघा, ‘सी’ ब्लकमा ४९.५ बिघा, ‘डी’ ब्लकमा १३३ बिघा र ‘ई’ ब्लकमा १७८.५ बिघा क्षेत्रफल रहेको छ, जहाँ भविष्यमा थप उद्योग विस्तार गर्ने योजना रहेको छ।
समग्रमा, भाडा सहुलियत, विदेशी तथा स्वदेशी लगानीको आकर्षण र पूर्वाधार विस्तारसँगै सिमरा सेज नेपालको महत्वपूर्ण औद्योगिक हबका रूपमा विकसित हुँदै गएको छ। उत्पादन वृद्धि, रोजगारी सिर्जना र निर्यात प्रवद्र्धनमा यसले आगामी दिनमा अझ ठूलो योगदान पु¥याउने अपेक्षा गरिएको छ।

## नबिल निःशुल्क जलन उपचार शिविर

# १५० जनाले लिए परामर्श तथा सेवा



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नारायणी अस्पतालमा सञ्चालन भएको ‘नबिल निःशुल्क जलन उपचार शिविर’ मा १५० जनाले परामर्श तथा उपचार सेवा पाएका छन् । नारायणी अस्पताल वीरगंज र नबिल बैंकको संयुक्त आयोजना तथा फेक्ट नेपालको प्राविधिक सहयोगमा चार दिने शिविर आयोजना गरिएको थियो।
जलन शिविरमा ४६ जना बिरामीको वरिष्ठ चिकित्सकद्वारा शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ।
तीमध्ये जटिल किसिमका छ जना बिरामीलाई काठमाडौंको कीर्तिपुरस्थित अस्पतालमा रिफर गरिएको छ।
जलन उपचार शिविर सञ्चालन गर्नुअघि मधेश प्रदेशका विभिन्न छ जिल्लाका २७ पालिकामा स्क्रिनिङ क्याम्प आयोजना गरिएको थियो।
शिविरमा फेक्ट नेपाल, कीर्तिपुर अस्पतालका वरिष्ठ प्लास्टिक सर्जन डा. शंकरमान राईसहितका विशेषज्ञ चिकित्सकको टोलीले शल्यक्रिया गरेका हुन् । फेक्ट नेपालका स्वास्थ्यकर्मीहरूले स्थानीय तहमै पुगेर बिरामीहरुको प्रारम्भिक विवरण लिएका थिए।
नबिल बैंकले काठमाडौंमा कार्यरत विशेषज्ञ चिकित्सकमार्फत दुर्गम स्थानमा रहेका जलनसम्बन्धी बिरामीलाई निःशुल्क उपचार र परामर्श दिने कार्य आवाधिक रुपमा गर्दै आएको छ।

## ट्युसन भन्दै घरबाट निस्किएका दुई बालिका छपरा पुगे

# प्रहरीको सक्रियतामा सकुशल उद्धार




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१० घडिअर्वाबाट हराएका दुई किशोरीलाई नेपाल–भारत प्रहरीको समन्वयमा सकुशल उद्दार गरी स्वदेश फर्काइएको छ । हराएको दुई दिनपछि भारतको बिहारस्थित छपरा रेल्वे स्टेशनबाट उनीहरूलाई फेला पारेर मंगलबार साँझ वीरगंज ल्याइएको हो । हराउनेमा स्थानीय दीपेन्द्र कानुकी १४ वर्षीया छोरी आर्या गुप्ता र विनोद सहनीकी १४ वर्षीया छोरी रिद्धि सिद्धी (नाव्या) सहनी रहेका छन् । उनीहरू सोमबार दिउँसो करिब ३ः३० बजे ट्युसन पढ्न जाने भन्दै घरबाट निस्किएका थिए । साँझसम्म पनि घर नफर्किएपछि परिवारले प्रहरीलाई खबर गरेका थिए।
खोजतलासका क्रममा नेपाल प्रहरीले भारतीय प्रहरीसँग समन्वय गर्दै उनीहरूको लोकेसन पत्ता लगाउन सफल भएको थियो । त्यसपछि भारतीय प्रहरीको सहयोगमा छपरा रेल्वे स्टेशनबाट उनीहरूलाई नियन्त्रणमा लिई सुरक्षित रूपमा उद्दार गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए। उद्दारपछि उनीहरूलाई वीरगंज ल्याई जिल्ला प्रहरीको सेफ हाउसमा राखेर आवश्यक प्रक्रिया पूरा गरी बुधबार अभिभावकको जिम्मा लगाइएको उनले बताए।
प्रहरी अनुसन्धानअनुसार रिद्धि सिद्धी वीरगंजस्थित इस्कोन कार्यालयमा आउजाउ गर्ने गरेकी थिइन् र उनले आर्यालाई भारतको मथुरा–वृन्दावन घुम्न जाने प्रस्ताव राखेपछि दुवै जना घरबाट निस्किएका थिए । तर ट्युसन नजाँदै उनीहरू सीधै रक्सौल रेल्वे स्टेशन पुगेका थिए। त्यहाँबाट रेल चढेर उनीहरू नरकटियागञ्ज, त्यसपछि गोरखपुर हुँदै मुजफ्फरपुर पुगे र अन्ततः छपरा स्टेशनमा ओर्लिएका थिए।
यात्राका क्रममा मथुरा पुग्न आवश्यक भाडा नपुगेपछि रिद्धिले आफ्नी बहिनीको मोबाइलमा क्यूआर कोड पठाएर सहयोग मागेकी थिइन्।
उक्त जानकारी पर्सा क्षेत्र नं. २ का सांसद सुशील कानु मार्फत प्रहरीमा पुगेपछि खोजी कार्य तीव्र बनाइएको थियो। प्रहरी उपरीक्षक सुदीपराज पाठकको समन्वयमा भारतीय सुरक्षाकर्मीसँग सहकार्य गरी अन्ततः उनीहरूको अवस्थिति पत्ता लगाइएको हो।
उद्दारपछि भारतीय प्रहरीले आर्या गुप्ताका काका लालबाबु कानु र स्थानीय युवा नेता लखन गुप्ताको जिम्मामा दुवै किशोरीलाई बुझाएको थियो । त्यसपछि उनीहरूलाई सुरक्षित रूपमा नेपाल ल्याइएको प्रहरीले जनाएको छ । यस घटनाले अभिभावकलाई बालबालिकाको गतिविधिप्रति थप सचेत रहनुपर्ने सन्देश दिएको छ भने सीमा क्षेत्रमा हुने आवागमनमा पनि सतर्कता आवश्यक देखिएको छ।

# यात्रुबाहक बसबाट लागुऔषध सहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरीबाट चितवनतर्फ जाँदै गरेको यात्रुबाहक बसबाट लागूऔषधसहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा चितवनको माडी नगरपालिका–८ का १९ वर्षीय विश्वास परियार रहेका छन्।
ईलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको प्रहरी टोलीले ठोरीको चौतारामा बा.प्र. ३–००१ ख २६०४ नम्बरको बस रोकेर चेकजाँच गरेको थियो।
सो क्रममा बसमा सवार परियारको साथबाट प्रतिबन्धित लागूऔषध बरामद गरिएको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार उनको पाइन्टको खल्तीमा लुकाएर राखिएको अवस्थामा ४७५ थान लेबोरोट क्याप्सुल फेला परेको हो। बरामद लागूऔषधसहित परियारलाई नियन्त्रणमा लिएर लागूऔषध सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

## बीपी उद्यान रूपान्तरण अभियान तीव्रः

# वीरगंजमा आधुनिक हरियाली पार्क निर्माण हुँदै

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले शहरको सौन्दर्य अभिवृद्धि र वातावरणीय सुधारलाई प्राथमिकतामा राख्दै बीपी उद्यानलाई व्यवस्थित हरियाली पार्कका रूपमा विकास गर्ने कामलाई तीव्र बनाएको छ।
लामो समयदेखि अतिक्रमण र अव्यवस्थाको मारमा परेको उक्त क्षेत्रलाई अब स्वच्छ, खुला र आकर्षक सार्वजनिक स्थलका रूपमा परिणत गर्ने लक्ष्य लिइएको छ।
हाल उद्यान परिसरमा माटो भर्ने, जमिन सम्याउने तथा नियमित सिँचाइ गर्ने कार्य भइरहेको महानगरपालिकाले जनाएको छ। आगामी चरणमा दुबो रोप्ने, विभिन्न जातका फूल तथा बिरुवा लगाउने र हरियाली व्यवस्थापनलाई थप व्यवस्थित गर्ने योजना रहेको छ, जसले पार्कलाई प्राकृतिक सौन्दर्यले भरिपूर्ण बनाउने अपेक्षा गरिएको छ।
मेयर राजेशमान सिंहका अनुसार यो योजना केवल पार्क निर्माणमा सीमित नभई समग्र शहरी जीवनस्तर उकास्ने अभियान हो। उनले बीपी उद्यानलाई आधुनिक, सफा र व्यवस्थित हरियाली पार्कका रूपमा विकास गरिने उल्लेख गर्दै यसले शहरको सौन्दर्य बढाउनुका साथै नागरिकलाई स्वच्छ वातावरण र विश्रामका लागि उपयुक्त खुला स्थान उपलब्ध गराउने बताए।
उनले थपे, ‘पार्क निर्माणले तापक्रम सन्तुलन, प्रदूषण न्यूनीकरण र स्वस्थ जीवनशैली प्रवद्र्धनमा महत्वपूर्ण भूमिका खेल्नेछ ।’ महानगरपालिकाले पार्कभित्र पैदल मार्ग, विश्रामस्थल, फूलबारी तथा हरियाली क्षेत्रको सुव्यवस्थित संरचना निर्माण गर्ने तयारी गरेको छ।
साथै, उद्यानको उत्तरतर्फ रहेको पुरानो रेल्वे ट्र्याक क्षेत्रमा रेल्वे संग्रहालय स्थापना गर्ने योजना पनि अघि बढाइएको छ, जहाँ ऐतिहासिक महत्व झल्काउने उद्देश्यले जनकपुरबाट पुरानो रेल इन्जिन ल्याएर राख्ने तयारी भइरहेको छ।
यसअघि उद्यान क्षेत्रमा अतिक्रमण गरी व्यवसाय सञ्चालन गर्दै आएका व्यापारीहरूलाई वैकल्पिक व्यवस्था स्वरूप छपकैयाँस्थित रेल्वे सडक क्षेत्रमा कृषि बजार स्थापना गरी स्थानान्तरण गरिसकिएको छ । यस कदमले उद्यान क्षेत्रलाई पूर्ण रूपमा खुला र व्यवस्थित बनाउन सहयोग पुगेको महानगरपालिकाले जनाएको छ।
महानगरपालिकाले यसअघि वीरगंज भन्सार क्षेत्रमा वृक्षारोपण गर्दै हरियाली विस्तारको प्रयास गरिसकेको छ । बीपी उद्यानको विकास सम्पन्न भएपछि वीरगंजमा शहरी सौन्दर्य वृद्धि, वातावरण संरक्षण र आन्तरिक पर्यटन प्रवद्र्धनमा थप टेवा पुग्ने विश्वास लिइएको छ।

# पर्यटकलाई सहजीकरण गर्न अनलाइन सेवा सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले भारतीय पर्यटक तथा भारत हुँदै तेस्रो देशबाट नेपाल भित्रिने पर्यटकलाई सहजीकरण गर्न अनलाइन सेवा शुरु गरेको छ।
विभागले स्थलमार्ग भएर नेपाल भित्रिने पर्यटकवाहक गाडीले अनलाइनबाटै विवरण भर्न र राजश्व तिर्न सक्ने प्रणाली विकास गरेर सञ्चालनमा ल्याएको हो । नयाँ प्रणाली सञ्चालनमा आएसँगै अब नेपाल भित्रिने भारतीय पर्यटक तथा तेस्रो देशका पर्यटकले अनलाइनबाटै आफ्नो विवरण र राजश्व तिर्न सक्ने भएका छन्।
यसअघि भन्सार नाकामा आएर यस्ता गाडीले भौतिक रूपमा अस्थायी इजाजत लिनुपर्ने व्यवस्था थियो। साथै, नेपाल यात्राकै क्रममा यात्रा अवधि सकिए नवीकरणका लागि भन्सार नाकामै पुग्नुपर्ने वा जरिवाना तिर्नुपर्ने बाध्यता थियो।

## सम्पादकीय

# सिमरा विशेष आर्थिक क्षेत्रः औद्योगिक विकासको नयाँ आयाम

नेपाल सरकारले अघि सारेको विशेष आर्थिक क्षेत्र (सेज) को अवधारणाले औद्योगिक विकासमा नयाँ आयाम थपेको छ। यसैको ज्वलन्त उदाहरणका रूपमा सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणमा रहेका उद्योगहरूले उत्पादन थालेका छन्।

यो कदमले देशको औद्योगिक वातावरणमा सकारात्मक परिवर्तन ल्याउनुका साथै रोजगारी सिर्जना र आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ। सेजको सफल कार्यान्वयनले लगानीकर्ताहरूलाई आकर्षित गरी औद्योगिक विस्तारलाई थप गति दिनेछ।

सिमरा सेज प्राधिकरणमा कुल ८ सय ३३ बिघा जग्गा उपलब्ध भए पनि हाल ३ सय ४३ बिघा क्षेत्रफलअन्तर्गत विभिन्न ब्लकहरूमा छवटा उद्योगले उत्पादन सुरु गरिसकेका छन् । यो प्रारम्भिक सफलताले सेजको सम्भाव्यतालाई उजागर गरेको छ । पूर्वाधार विकास र सरकारी नीतिको उचित समन्वयले गर्दा उद्योगहरूले सहज रूपमा आफ्नो उत्पादन प्रक्रिया अगाडि बढाउन सकेका छन् । यसले अन्य सम्भावित लगानीकर्ताहरूलाई पनि सेजमा लगानी गर्न प्रोत्साहित गर्नेछ।

सेजको मुख्य उद्देश्य निर्यात प्रवर्द्धन गर्नु र आयात प्रतिस्थापन गर्नु हो। सिमरा सेजमा उत्पादन सुरु गरेका उद्योगहरूले यस लक्ष्यलाई प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्नेछन् । स्वदेशी उत्पादन वृद्धि भएसँगै विदेशी मुद्रा आर्जनमा सहयोग पुग्नेछ भने व्यापार घाटा कम गर्न पनि मद्दत मिल्नेछ। यसका लागि सरकारले उद्योगहरूलाई आवश्यक पर्ने सबै प्रकारका सुविधा र प्रोत्साहन उपलब्ध गराउनुपर्छ।

यद्यपि, सेजको पूर्ण क्षमता उपयोग गर्न अझै धेरै काम गर्न बाँकी छ । बाँकी जग्गामा थप उद्योगहरू आकर्षित गर्नका लागि थप प्रभावकारी नीतिहरू ल्याउनुपर्ने देखिन्छ । लगानीमैत्री वातावरण सिर्जना गर्न, प्रशासनिक झन्झट कम गर्न र पूर्वाधार विकासलाई निरन्तरता दिनु आवश्यक छ । यसका साथै, उद्योगहरूलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा पनि ध्यान दिनुपर्छ।

अन्त्यमा, सिमरा विशेष आर्थिक क्षेत्रमा उद्योगहरूले उत्पादन थाल्नु नेपालको औद्योगिक विकासका लागि एउटा सुखद सुरुवात हो । यसलाई दिगो बनाउन र यसको पूर्ण क्षमता उपयोग गर्नका लागि सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीचको सहकार्य अपरिहार्य छ । सेजको सफल कार्यान्वयनले नेपाललाई औद्योगिक राष्ट्रका रूपमा स्थापित गर्न महत्वपूर्ण टेवा पुर्याउनेछ।

# संविधान संशोधन– गाउँसभादेखि कार्यकारी राष्ट्रपतिसम्मका विषय बहसमा

**नारायण न्यौपाने÷रासस**

संविधान संशोधनको बहस प्रखर रुपमा उठे पनि कुन–कुन विषयवस्तुमा के–कसरी अघि बढ्ने भन्ने विषयमा प्रमुख शक्तिबीच न्यूनतम साझा समझदारीको आवश्यकता औँल्याइएको छ।

संविधान निर्माणमा प्रत्यक्ष संलग्न संविधानसभा सदस्य तथा संविधानका जानकारहरुले संविधान गतिशील दस्तावेज भएकाले समयसापेक्ष तुल्याउन संशोधनको आवश्यकतालाई सुविचारित ढङ्गबाट समझदारीमा पुग्नुपर्नेमा जोड दिनुभयो।

संविधान संशोधनबाट फेरि नयाँ विवाद उत्पन्न हुने वा समाधान भएका विवाद बल्झिन नहुने तर्क गर्दै उहाँहरुले संविधान संशोधनलाई संसद्को अधिकारको गहकिलो विषय बनाएर निष्कर्षमा पुग्न सुझाव दिनुभयो । नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपालिका सम्बन्धित विषयमा समेत एक दर्जनभन्दा बढी संशोधनको आवश्यकता देखिएको बताउनुभयो । उहाँ भन्नुहुन्छ, ‘संविधान संशोधनलाई संसद्को गहकिलो विषय बनाइनुपर्छ । सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति प्रक्रिया र कार्यकालसम्बन्धी विषयमा सुधारको खाँचो छ ’

राजनीतिक स्थायित्व र दिगो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास, सङ्घीय संरचनाको सुदृढीकरण, समावेशी लोकतन्त्रको प्रभावकारिता, मिश्रित निर्वाचन प्रणालीको स्थायित्व र सुदृढीकरण, सामाजिक न्यायको प्रत्याभूति, संसदीय शासन प्रणालीको सुदृढीकरण, स्वतन्त्र न्यायपालिका तथा सुशासन र नागरिकको सशक्तीकरणका लागि संविधान संशोधन हुनुपर्ने विज्ञहरुको मत छ।

वर्तमान सरकारले संविधान संशोधनको विषयलाई उच्च प्राथमिकताका साथ अघि बढाइरहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावी वाचापत्रमा उल्लेख गरेको संविधान संशोधनसम्बन्धी विषय सरकार गठन भएसँगै शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमै समावेश गरेको थियो । सोही मर्म र भावनाअनुसार संविधान संशोधनका लागि बहसपत्र तयार गर्न सरकारले चैत १६ गते प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा कार्यदल गठन गर्‍यो । तेह्र सदस्यीय कार्यदलमा प्रतिनिधिसभाका छ तथा राष्ट्रियसभाका तीन दलका प्रतिनिधि हुनुहुन्छ।

सो कार्यदलमा राष्ट्रिय स्वतन्त्र पार्टीका मोहनलाल आचार्य, नेपाली कांग्रेसका राजु कटुवाल, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का डा. भीष्म अधिकारी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का देवप्रसाद गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही, जनता समाजवादी पार्टी नेपाल (जसपा)का मनोज भट्ट, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का आभास लाभ, श्रम संस्कृति पार्टीका ध्रुव राई रहनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल कानुन आयोगका सचिव सदस्य रहेको कार्यदलको सदस्यसचिवमा प्रधानमन्त्री कार्यालयका सहसचिव हुनुहुन्छ। साठी दिनको कार्यादेश प्राप्त गरेको कार्यदलले यसबीचमा कानुनी पृष्ठभूमि भएका संविधानसभाका सदस्य, विषयविज्ञ, पूर्वप्रशासक र पूर्वकानुन सचिवसँग निरन्तर परामर्श गरिरहेको छ।

कार्यदलले यही वैशाख ७ गते हालसम्म पाँचवटा औपचारिक बैठकमार्फत घनिभूत छलफल चलाइरहेको छ । रास्वपाबाट प्रतिनिधिसभा सांसद एवम् कार्यदलका सदस्य मोहनलाल आचार्यले संविधान संशोधनका विषयवस्तु र अवधारणाबारे विषयविज्ञ, कानुन व्यवसायी, वरिष्ठ अधिवक्ता, पूर्वप्रशासकसँग निरन्तर छलफल भइरहेको जानकारी दिनुभयो । कार्यदलसँगको छलफलमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलले संविधान संशोधनका विषयवस्तु र आवश्यकताबारे आ–आफ्ना दलगत धारणा प्रस्तुत गर्नुभएको उहाँले जानकारी दिनुभयो।

आगामी बहसमा तीन तहको शासकीय संरचनाको अधिकार र कार्यक्षेत्रका बारेमा गहन छलफलको आवश्यकतामा जोड दिँदै उहाँले राज्यको प्राथमिकतामा रहेको संविधान संशोधनको विषयलाई लामो समयसम्म अल्झनमा राख्न नहुने धारणा व्यक्त गर्नुभयो । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक संसद्, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा निर्वाचन प्रणालीमा सुधार, प्रदेश र प्रदेश मन्त्रिमण्डलको सङ्ख्या र आकार, उपराष्ट्रपति पदको आवश्यकता र सान्दर्भिकता, प्रधानमन्त्री र मुख्यमन्त्रीको कार्यकालजस्ता विषयवस्तुले संविधान संशोधन बहसलाई उचाइमा पुर्‍याएको छ।

प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य सङ्ख्या घटाउने तथा संसद् अधिवेशन सञ्चालन हुने निश्चित दिन संविधानमै निर्धारण गर्ने विषय पनि संशोधन बहसको ‘एजेण्डा’ बनेको छ। संविधानमै आवधिक निर्वाचनको मिति किटान गर्ने विषय पनि यसअघिदेखि नै उठ्दै आएको छ।

कांग्रेस उपसभापति एवम् संविधानसभा सदस्य पुष्पा भुसालले सङ्घीयता र लोकतन्त्रको मूल्यमान्यताको कसीमा रहेर संविधान संशोधन आवश्यकतालाई सम्बोधन गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, ‘लोकतन्त्रको उच्चतम् अभ्यास गरिरहेको नेपालले संविधान संशोधनका नाममा दलविहीन स्थानीय तहको कल्पना गर्न सक्दैन ’

पूर्वमन्त्री एवम् नेपाल कानुन आयोगका अध्यक्ष माधव पौडेलले हालै ‘नेपालको संविधान सशोधनः कारण, आधार तथा संशोधन प्रस्ताव विवरण’ विषयक कार्यपत्र प्रस्तुत गर्दै राजनीतिक स्थायित्वका लागि कार्यकारी राष्ट्रपति, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र निर्वाचन प्रणालीमा सुधारजस्ता विषय प्रखर रुपमा आएको बताउनुभयो । मौजुदा संविधानका अन्तरनिहीत विशेषताकारुपमा लोकतान्त्रिक गणतन्त्र, तीन तहको सङ्घीय संरचनामा आधारित शासन प्रणाली, समावेशी लोकतन्त्र, आवधिक निर्वाचन र मिश्रित निर्वाचन प्रणाली रहेको छ।

संविधान संशोधन कसैको चाहना कि आवश्यकता भन्ने पाटोमा बहस जरुरी रहेको बताउँदै प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति समीक्षा बास्कोटाले भन्नुभयो, ‘संविधान संशोधन प्राविधिक मात्र नभई संसद्कै विषय र राजनीतिक ‘एजेण्डा’ भएकाले त्यसै आधारमा यो अघि बढ्छ ।’ न्यायालयतर्फ पूर्वप्रधानन्यायाधीश वा सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा एक न्यायिक आचारण अनुगमन आयोग गठन, संवैधानिक परिषद्को सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति र सेवाको शर्त निर्धारण तथा प्रधानमन्त्री तथा मुख्यमन्त्रीलाई कानुनी राय–सल्लाह प्रदान गर्न बेग्लै कानुन सल्लाहकारको व्यवस्था गर्न पनि विज्ञहरुको सुझाव छ।

पूर्वमन्त्री एवम् वरिष्ठ अधिवक्ता अग्निप्रसाद खरेलले संविधान संशोधनको विषय निकै जटिल रहेकाले सुविचारित ढङ्गबाट यस विषयमा विचार र कलम चलाउनुपर्ने सुझाव दिनुभयो । वरिष्ठ अधिवक्ता एकराज भण्डारीले संवैधानिक निकाय राजनीतिक कार्यकताको भर्तीले बदनाम भएकाले राजनीतिक दल र सिद्धान्त होइन, त्यसलाई हाँक्ने नेतृत्व असफल भएको पक्षलाई पनि संविधान संशोधनका समयमा हेक्का ध्यानाकर्षण गराउनुभयो।

सर्वोच्च र उच्च अदालतको न्यायाधीश नियुक्तिमा पारदर्शीता कायम गर्ने, न्याय परिषद्को संरचना सुधार गर्ने, संवैधानिक इजलास गठन गर्ने, सर्वोच्च अदालतको क्षेत्राधिकार विस्तार गर्ने, निर्वाचन विवाद सुनुवाइ सम्बन्धमा उच्च अदालतलाई जिम्मेवारी थप गर्ने, महान्यायाधिवक्ताको संवैधानिक हैसियतमा सुधारलगायत विषय पनि संविधान सशोधन बहसको सूचीमा परेको छ।

संविधानसभा सदस्य जीतेन्द्रनारायण देवले संसद्मा बहुमत प्राप्त वा ठूलो दलले मात्र सरकार बनाउने संवैधानिक प्रावधानले पनि राजनीतिक स्थायित्वलाई सघाउने पक्षलाई बेवास्ता गर्न नमिल्ने धारणा राख्नुभयो। जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था खारेज गर्ने विषय पनि संविधान संशोधनको बहसका रुपमा अघि बढाइनुपर्ने सुझाव छ।

संविधानसभा सदस्य रामनारायण बिडारीले लोकतन्त्रको दृष्टिकोणबाट हेर्दा वर्तमान संविधान संसारका २० उच्च कोटीको सूचीमा रहे तापनि अभ्यासकर्ताले दुरुपयोग गरेका कारणले संशोधनको आवश्यकता देखिएको प्रतिक्रिया दिनुभयो । उहाँले संविधान कार्यान्वयन गर्ने सिलसिलामा यस अवधिमा कहाँ के–कस्तो अप्ठ्यारो परेको छ, त्यो ठाउँमा मात्र संशोधन गर्न उपयुक्त हुने धारणा राख्नुभयो।

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले संविधान संशोधनजस्तो महत्वपूर्ण कार्य अघि बढाउँदा दलीय शक्ति सन्तुलन र भूराजनीतिक संवेदनशीलताको पाटोमा पनि हेक्का गर्न आवश्यक रहेको बताउनुभयो । संविधानसभा सदस्य लक्ष्मणलाल कर्णले संविधान संशोधन जाहेज भए पनि विगतका आन्दोलन र सङ्घर्षबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै देश र जनताको हितमा अघि बढाउन सुझाव दिनुभयो।

संविधानसभा सदस्य कृष्णभक्त पोखरेलले विगतका गलत अभ्यासले न्यायमूर्तिका रुपमा रहने न्यायाधीश छनोट र नियुक्तिमा समेत सन्तुष्टि जनाउने र ‘आहा’ भन्ने अवस्था बन्न नसकेको प्रतिक्रिया दिनुभयो। अहिले संविधान संशोधनको बहसमा गाउँसभा र नगरसभादेखि सर्वोच्च अदालतको क्षेत्राधिकार र सुधार, न्यायाधीशको आचरण, अध्यादेश, संसद् अधिवेशन आरम्भ र अन्त्य, प्रधानमन्त्रीको पदावधि, उपराष्ट्रपति पदको सान्दर्भिकता र कार्यकारी राष्ट्रपति रहने व्यवस्थासम्मका विषयले चर्चा पाइरहेको छ।

# वन्यजन्तुप्रतिको बदलिँदो दृष्टिकोण

**– राधेश्याम विश्वकर्मा/रासस**

वन क्षेत्र विस्तार र वन्यजन्तुको सङ्ख्या वृद्धि भएसँगै बर्दिया जिल्लाको मध्यवर्ती क्षेत्रमा मानव–वन्यजन्तु द्वन्द्व तीव्र बन्दै गएको छ।

विशेषगरी बाघ र हात्तीको गतिविधि बढेपछि स्थानीय बासिन्दा जोखिमपूर्ण अवस्थाबाट गुज्रन बाध्य भएका छन् । वन्यजन्तुको आक्रमणमा पर्ने मुख्य कारणमा दैनिक जीविकोपार्जनसँग सम्बन्धित गतिविधिहरु देखिएका छन् । गाईबस्तु चराउन जाँदा, घाँस काट्न जाँदा र दाउरा वा अन्य वनपैदावर सङ्कलन गर्न जाँदा अधिकांश घटना भएका छन्।

बर्दिया राष्ट्रिय निकुञ्जको तथ्याङ्कअनुसार पछिल्लो आठ वर्षमा वन्यजन्तुको आक्रमणबाट बर्दियाको बर्दिया राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा गरी ४३ वन्यजन्तुको मृत्यु भएको छ। यस्तै मानवीय क्षति, पशुधनको क्षति र अन्नबाली क्षति गरी सोही अवधिमा १३ हजार ५७१ वटा घटना निकुञ्जको तथ्याङ्कबाट देखिन्छ। अधिकांश घटना निकुञ्ज क्षेत्रभन्दा बाहिर वनको सिमानासँग जोडिएका बस्तीमा भएका छन् । करिब ८४ प्रतिशत आक्रमण वनको सिमानाबाट एक किलोमिटरभित्र भएका छन्।

### ‘बाघ र हात्ती’ अब आम्दानीको स्रोत

वन्यजन्तुका कारण जोखिम बढेसँगै यस क्षेत्रमा पर्याप्त अवसर पनि देखिएको छ । बर्दियाको मधुवन नगरपालिका–१ डल्लास्थित डल्ला होमस्टेले पर्या–पर्यटनमार्फत स्थानीय समुदायको जीवनस्तर उकास्नुका साथै वन्यजन्तु संरक्षणलाई आयआर्जनसँग जोड्ने नमुना अभ्यास प्रस्तुत गरेको छ । यहाँका जैविक मार्ग होमस्टे सञ्चालक मङ्गल थारुले वन्यजन्तुलाई ‘समस्या’ होइन, ‘सम्पत्ति’ का रुपमा हेर्ने दृष्टिकोण विकास गर्दै ‘बाघ, गैँडा र हात्ती कमाउने’ जस्ता नवीन अवधारणामार्फत संरक्षण र समृद्धिको नयाँ आयाम देखाउनुभएको छ।

थारुका अनुसार डल्ला होमस्टेको स्थापना केवल पर्यटक आकर्षणका लागि नभई वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले गरिएको हो। ‘पहिले बाघ र हात्ती देख्दा डर लाग्थ्यो, अहिले तिनै वन्यजन्तु हाम्रो आम्दानीको आधार बनेका छन्,’ उहाँले भन्नुभयो । उहाँका अनुसार ‘बाघ कमाउने’ अवधारणाअन्तर्गत रोयल पाटेबाघ अवलोकनका लागि आउने विदेशी पर्यटक लामो समयसम्म बस्ने र ठूलो खर्च गर्ने गरेका छन्। यसले होमस्टे, गाइड, यातायात र अन्य सेवामार्फत स्थानीयवासीलाई प्रत्यक्ष आम्दानी दिलाएको छ।

त्यसैगरी ‘हात्ती कमाउने’ अवधारणाले गाउँमा क्षति पुर्‍याउने जङ्गली हात्तीलाई संरक्षणमार्फत पर्यटनसँग जोड्ने प्रयास गरिएको छ । ‘घर भत्काउने हात्तीलाई जोगाएरै पर्यटक देखाउँदा हजारौँ रुपैयाँ कमाउन सकिन्छ,’ थारुले भन्नुभयो । एकसिङ्गे गैँडाको अवलोकन र फोटोग्राफीका लागि आउने पर्यटकबाट हुने आम्दानीलाई समेत स्थानीयले गैँडा कमाइको रुपमा व्याख्या गर्ने गरेका छन्।

डल्ला होमस्टेले स्थानीय सीप र स्रोतको उपयोगमार्फत उद्यमशीलता विकासमा योगदान पुर्‍याएको छ । यहाँ ‘इलिफेन्ट ग्रास’ (मुज) बाट बनेका ढकिया, टोपीलगायत हस्तकलाका सामग्री उत्पादन गरी पर्यटकलाई बिक्री गरिँदै आएको छ। यसबाट स्थानीय महिला विशेष रुपमा लाभान्वित भएको थारुले बताउनुभयो । होमस्टेमा शतप्रतिशत अर्गानिक स्थानीय खाना पस्किने गरिएको छ। यसले कृषि उपजको खपत बढाउनुका साथै स्थानीयलाई कुक, हाउसकिपिङ र आतिथ्य सेवासम्बन्धी तालिम तथा रोजगारीका अवसर सिर्जना गरेको छ । पर्यटनको विकाससँगै गाउँमा ब्युटीपार्लर, हेयर कटिङलगायत अन्य सेवामूलक व्यवसाय पनि विस्तार हुँदै गएको थारुले जानकारी दिनुभयो । खाता करिडोरअन्तर्गत पर्ने डल्ला क्षेत्रले बर्दिया राष्ट्रिय निकुञ्ज र कतरनियाघाट वन्यजन्तु आरक्षलाई जोड्ने जैविक मार्गका रूपमा काम गरेको छ । थारुका अनुसार यही करिडोर संरक्षणका कारण वन्यजन्तुको आवागमन सहज भएको र पर्यटन विकासमा टेवा पुगेको छ। थारुको अनुभवले वन्यजन्तु र मानवबीच सहअस्तित्व सम्भव मात्र नभई लाभदायक पनि भएको देखाएको छ । ‘यदि संरक्षणलाई आयसँग जोड्न सकियो भने बाघ र हात्ती शत्रु होइनन्, समृद्धिका आधार बन्न सक्छन्,’ उहाँले भन्नुभयो।

### थारु जीवनशैलीमा परेको असर

पछिल्ला वर्षमा बढ्दो मानव–वन्यजन्तु द्वन्द्व, विशेषतः जङ्गली हात्तीको आक्रमणले यो समुदायको दैनिकी र सांस्कृतिक संरचनामा गम्भीर असर पार्न थालेको छ । बर्दियाको मधुवन नगरपालिका–१ पत्थरबोझीका मङ्गरु थारुको परिवार यस परिवेशको प्रतिनिधि उदाहरण बनेको छ । ५९ सदस्यीय ठूलो संयुक्त परिवारका रुपमा परिचित मङ्गरु थारुको परिवारले लामो समयदेखि एउटै आँगनमा बसोबास गर्दै आएको थियो।

बुबाआमा, तीन दाजुभाइ र तिनका सन्तान मिलेर खेतीपाती, पशुपालन र घरायसी काम सामूहिक रुपमा सञ्चालन गर्ने परम्परा अझै जीवित रहेको उहाँले बताउनुभयो । ‘हाम्रोमा सबै काम मिलेर हुन्छ, कसैको दुःखसुख छुट्टै हुँदैन,’ उहाँले भन्नुभयो। थारु समुदायमा संयुक्त परिवार प्रणाली सामाजिक सुरक्षाको महत्वपूर्ण आधार मानिन्छ। एउटै घरमा धेरै पुस्तासँगै बस्दा श्रमको बाँडफाँट सहज हुने, आर्थिक भार कम हुने र पारिवारिक सम्बन्ध मजबुत हुने विश्वास गरिन्छ।

परिवार विस्तारसँगै व्यवस्थापन चुनौतीपूर्ण हरदै गएको हुन्छ । मङ्गरुको परिवारले हालै अंशबण्डा गरी छुट्टाछुट्टै बसोबास सुरु गरेको छ । उहाँका अनुसार दाजुभाइका १२ छोरा गत माघी पर्वदेखि अलग भएका छन् । दुई जना सहर पसेका छन् भने १० जनाले पुर्ख्यौली थलोमै अलगअलग घर बनाउन सुरु गरेका छन् । घरहरु एउटै क्षेत्रभित्रै निर्माण गरिएका छन्, घर निर्माणमा पारिवारिक सहकार्य रहेको छ।

थारु समुदायको अंशबण्डा प्रणाली विशिष्ट मानिन्छ । सम्पत्तिको विभाजन गर्दा जमिन मात्र होइन, घरमा रहेको अन्न, काठ, इँट्टा, भाँडाकुँडालगायत सबै सामग्री बराबरी रुपमा बाँडिने परम्परा रहेको खाता सामुदायिक वन समन्वय समितिको अध्यक्ष हरि गुरुङ बताउनुहुन्छ । अझ गर्भमा रहेको शिशुलाई समेत भविष्यको सदस्य मानेर अंश छुट्याउने चलन रहेको गुरुङले जानकारी दिनुभयो।

थारु समुदायको अर्को महत्वपूर्ण पक्ष भनेको ‘परमा’ अर्थात् सामूहिक श्रम प्रणाली हो । घर निर्माण, खेत रोपाइँ, बाली कटाइँ जस्ता कामहरू गाउँले मिलेर गर्ने प्रचलनले आर्थिक अभाव भएका परिवारलाई समेत सहज रुपमा जीवनयापन गर्न सहयोग पुर्‍याउँदै आएको छ । मङ्गरु भन्नुहुन्छ, ‘हामीसँग पैसा नहुन सक्छ तर गाउँलेको साथ छ । घर बनाउँदा सबैले सहयोग गर्छन् ’ पछिल्ला वर्षहरूमा जङ्गली हात्तीको बढ्दो गतिविधिले यो जीवनशैलीमा चुनौती थपेको छ। पत्थरबोझी क्षेत्र खाता करिडोरभित्र पर्ने भएकाले भारत र बर्दिया राष्ट्रिय निकुञ्जबीच आवतजावत गर्ने हात्तीहरूको मुख्य मार्गमा पर्छ । यसका कारण यहाँका बासिन्दा निरन्तर त्रासमा बाँच्न बाध्य छन्।

मङ्गरुका अनुसार हात्तीले पटक–पटक घर भत्काउने, अन्नबाली नष्ट गर्ने र रातिको समयमा बस्तीमा पस्ने गरेको छ । ‘राति सुत्नै डर लाग्छ, कहिले के हुन्छ थाहा हुँदैन,’ उहाँले भन्नुभयो ‘गत वर्षदेखि हात्ती नआएकाले अहिले घर निर्माण सुरु गरेका छौँ ’ हात्तीको आक्रमणका कारण कच्ची घरहरु टिक्न नसक्दा आर्थिक क्षति पनि बढ्दै गएको छ । पक्की घर निर्माण गर्न पर्याप्त स्रोत नभएकाले अधिकांश परिवारहरु अझै जोखिमपूर्ण अवस्थामा बसिरहेका छन्।

थारु समुदाय परम्परागत रूपमा माटो, बाँस र काठ प्रयोग गरी घर निर्माण गर्ने गर्छ । यस्ता घर वातावरण अनुकूल भए पनि जङ्गली जनावरको आक्रमणबाट सुरक्षित हुँदैनन् । यसले मानव–वन्यजन्तु द्वन्द्वलाई थप जटिल बनाएको छ । खाता सामुदायिक वन समन्वय समितिको अध्यक्ष गुरुङका अनुसार मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि दीर्घकालीन योजना सञ्चालनको प्रयास गरिएको छ। कोरिडोर व्यवस्थापन, विद्युतीय बार, चेतनामूलक कार्यक्रम र वैकल्पिक जीविकोपार्जनका उपायहरु लागू गरिएको छ । यसबाहेक वन्यजन्तु प्रभावित क्षेत्रमा रहेका चार हजार १ सय ९५ घरधुरीको बिमा गरिएको उहाँले जनाउनुभयो।

निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा अशोककुमार रामका अनुसार बढ्दो मानव–वन्यजन्तु द्वन्द्व, जलवायु परिवर्तन र पूर्वाधार निर्माणबाट बासस्थानमा ह्रास र संरक्षित सीमाभित्र व्यावसायिक विकासका लागि जोडजस्ता खतराको सामना निकुञ्जले गरिरहेको छ। निकुञ्जले वन्यजन्तु जोगाउने कार्यको साथै मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा जोड दिएको निकुञ्जका प्रमुख डा रामको भनाइ छ । उहाँका अनुसार मानव–वन्यजन्तु व्यवस्थापनअन्तर्गत तत्कालीन तथा दीर्घकालीन उपायहरु अवलम्बन गरिँदै आएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# संवैधानिक परिषद् बैठक बिहीबार



**काठमाडौँ ।**
सर्वोच्च अदालतको नयाँ प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउन संवैधानिक परिषद्को बैठक आह्वान गरिएको छ । संवैधानिक परिषद्का अध्यक्षसमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनअनुसार परिषद् सचिवालयले बिहीबारका लागि बैठक बोलाएको हो ।

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश मंगलबार जारी गरेका थिए । आइतबार मात्रै उक्त अध्यादेश पुनर्विचारका लागि पठाएका पौडेलले सोमबार जस्ताको तस्तै आएको अध्यादेश मंगलबार जारी गरेका थिए ।

सरकारले दोस्रो पटक सिफारिस गरेको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेश मंगलबार जारी भएलगत्तै बैठक बोलाइएको हो ।

संवैधानिक परिषद्को सचिवालयले बुधबार जारी गरेको पत्रअनुसार बैठक बिहीबार अपराह्न ५ः०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बस्नेछ । बैठकको मुख्य कार्यसूची प्रधानन्यायाधीशको नियुक्ति सिफारिस रहेको छ ।

बैठकमा सहभागी हुन सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, प्रतिनिधि सभाका विपक्षी दलका नेता भीमराज आङ्देम्बे र प्रतिनिधि सभाकी उपसभामुख रुवी कुमारीलाई आमन्त्रण गरिएको छ ।

राष्ट्रपति पौडेलले सरकारले अघिल्लो साता सिफारिस गरेको त्यही अध्यादेश सरकारलाई पुनर्विचारका लागि भन्दै फिर्ता पठाएका थिए । तर, सरकारले कुनै संशोधन नगरी सोमबार पुनः पठाएको थियो । सरकारको उक्त निर्णयले संकटमा परेका उनले अध्यादेश जारी गरिदिएर आफूमाथिको सम्भावित संकट टारे ।

यसअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रमाणीकरण गर्न पठाएको यो अध्यादेश २०८२ असार २५ गते राष्ट्रपति पौडेलले फिर्ता गरेका थिए । यस्तै अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले प्रमाणीकरणको पठाएको अध्यादेश २०८२ मङ्सिर २ गते पौडेलले फिर्ता गरिदिए । यो अध्यादेश जारी भएसँगै ६ सदस्यीय संवैधानिक परिषद्को बैठक बस्नका लागि गणपूरक संख्या चार कायम गरिएको छ । यो अवस्थामा संवैधानिक परिषद्का तीनजना सदस्यको बहुमतमा प्रधानमन्त्री वालेन्द्र शाहले निर्णय गराउन सक्ने छन् ।

# कार्यान्वयन गर्न सकिने योजना मात्रै समेट्न मुख्यमन्त्रीको निर्देशन



**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा कार्यान्वयन गर्न नसकिने योजना तथा कार्यक्रम समावेश नगर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी) मा बुधबार आयोजित प्रदेश मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले पूरा गर्न सकिने योजना तथा कार्यक्रमलाई मात्रै प्रस्ताव गर्न निर्देशन दिएका हुन ।

उनले सुशासन प्रवद्र्धनका लागि बनेको कार्यविधिको अक्षरशः कार्यान्वयन गर्न आवश्यक रहेको उल्लेख गर्दै यसको थालनी मन्त्रालय तहबाटै हुनुपर्ने बताए । आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा प्रभावकारी काम गर्नुपर्नेमा जोड दिँदै मुख्यमन्त्रीले कर्मचारी किताब खाना व्यवस्थापनमा जानुपर्ने र अवकाश कोष स्थापना गर्न आवश्यक रहेको बताए । बैठकमा विभिन्न मन्त्रालयका सचिवले योजना छनोट र कार्यान्वयनलाई थप प्रभावकारी बनाउने विषयमा धारणा राखेका थिए ।

प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले मुख्यमन्त्री कार्यालयका तर्फबाट प्रदेश सरकारका निर्णय कार्यान्वयन, कानुन तर्जुमा, जनशक्ति व्यवस्थापन, समन्वय तथा सहजीकरणको कार्यलाई व्यवस्थित रूपमा अघि बढाइरहेको जानकारी दिए । साथै उनले आगामी बजेटमा कार्यान्वयन गर्न सकिने योजना मात्र समावेश गर्नुपर्नेमा जोड दिए । प्रदेश योजना आयोगका उपाध्यक्ष डा डिल्लीराज अर्यालले बहु वर्षीय आयोजना छनोटका मापदण्ड र आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

मगर र थारु भाषालाई सरकारी कामकाजको भाषा बनाउन माग

यस्तै, लुम्बिनी प्रदेशमा विभिन्न आदिवासी जनजाति सङ्घसंस्थाले भाषा, संस्कृति र पहिचानसँग सम्बन्धित माग राख्दै आज प्रदेश सरकारलाई ज्ञापन पत्र बुझाएका छन् । नेपाल मगर सङ्घ लुम्बिनी प्रदेश समितिले मगर भाषालाई प्रदेश स्तरका सरकारी कामकाजको भाषाका रूपमा लागू गर्न माग गरेको छ । सङ्घका अध्यक्ष खलुप्रसाद पुन मगरको नेतृत्वमा आज मुख्यमन्त्री चेतनारायण आचार्यलाई बुझाइएको ज्ञापन पत्रमा मगर भाषा प्रदेशमा व्यापक रूपमा बोलिने भएकाले सरकारी कार्यालय, सूचना तथा सेवा प्रवाहमा यसको प्रयोग सुनिश्चित गर्नुपर्ने उल्लेख गरिएको छ ।

ज्ञापन पत्रमा मगर भाषा जान्ने कर्मचारीको व्यवस्थापन, आवश्यक तालिमको प्रबन्ध तथा स्थानीय तहसँग समन्वय गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने मागसमेत गरिएको छ । यसबाट मगर समुदायलाई सरकारी सेवा प्राप्त गर्न सहज हुने र समावेशी शासन प्रणाली सुदृढ हुने विश्वास व्यक्त गरिएको छ । यसै गरी, थारु कल्याणकारिणी सभा दाङले पनि थारु भाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिन माग गर्दै मुख्यमन्त्रीसमक्ष ज्ञापन पत्र पेस गरेको छ । सभाका अध्यक्ष अशोककुमार चौधरीले लुम्बिनी प्रदेशमा थारु समुदायको उल्लेखनीय जनसङ्ख्या रहेको र भाषा आयोगको सिफारिससमेत भएकाले तत्काल कार्यान्वयन गर्नुपर्ने माग गरे । त्यस अवसरमा मुख्यमन्त्री आचार्यले आदिवासी जनजातिको भाषा, संस्कृति र सभ्यताको संरक्षण तथा प्रवद्र्धनका लागि प्रदेश सरकारले आवश्यक नीति तथा कानुन निर्माण गर्ने प्रतिबद्धता जनाए । रासस

# पूर्वविशिष्टको दोहोरो सवारीसुविधामा सरकारको निगरानीः विवरण बुझाउन गृहलाई प्रधानमन्त्री कार्यालयको निर्देशन

**काठमाडौं ।**
राज्यकोषबाट दोहोरो र असीमित सुविधा लिने प्रवृत्तिलाई नियन्त्रण गर्न सरकारले सक्रियता देखाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पूर्वविशिष्ट पदाधिकारीले प्रयोग गरिरहेको सवारीसाधनको यथार्थ विवरण बुधबारै उपलब्ध गराउन गृह मन्त्रालयलाई कडा निर्देशन दिएको छ ।

प्रधानमन्त्री कार्यालयद्वारा गरिएको पछिल्लो अध्ययनले केही पूर्वविशिष्ट पदाधिकारीहरूले कानुनले तोकेकोभन्दा बढी सवारीसाधन प्रयोग गरेको वा फरकफरक निकायबाट दोहोरो सुविधा लिइरहेका तथ्य फेला पारेपछि गृहसँग विवरण माग गरिएको हो । गृहको निर्देशनमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वसभामुख र पूर्वराष्ट्रियसभा अध्यक्षहरूले लिइरहेको सुविधाको पूर्ण विवरण बुधबार कार्यालय समयभित्र इमेलमार्फत पठाउन ताकेता गरिएको छ ।

यस कदमबारे जानकारी दिँदै प्रधानमन्त्री बालेन्द्र शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले राज्यकोषको दुरुपयोग रोक्न र सुशासन कायम गर्न सरकारले कडाइका साथ विवरण माग गरेको बताइन् । उनका अनुसार कानुनले तोकेभन्दा बाहिर गएर लिइएका सुविधाको पहिचान गरी प्रणालीलाई पारदर्शी बनाउनु यो निर्देशनको उद्देश्य हो ।

विगत लामो समयदेखि पूर्वविशिष्टहरूले मापदण्डविपरीत सरकारी स्रोतसाधनको प्रयोग गरिरहेका भन्दै आलोचना भइरहेका बेला सरकारले यो सक्रियता देखाएको हो । गृह मन्त्रालयबाट प्राप्त हुने विवरणका आधारमा मापदण्डभन्दा बढी सुविधा लिनेको सवारीसाधन फिर्ता गर्ने र सुविधासम्बन्धी प्रक्रियालाई थप व्यवस्थित बनाउने सरकारको तयारी छ । रासस

# सिआरसी प्रतिवेदन अघि बढाउन मन्त्रालय प्रतिबद्ध छ



**काठमाडौं ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीले बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि सिआरसी (कन्भेन्सन अन दि राइट्स टु चाइल्ड) प्रतिवेदन तयार गर्ने प्रक्रियालाई प्रभावकारी रूपमा अघि बढाउन मन्त्रालय प्रतिबद्ध रहेको बताएका छन् ।

मन्त्रालयले बुधबार आयोजना गरेको बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (सिआरसी) को प्रतिवेदन प्रक्रियाबारे अभिमुखीकरण कार्यक्रममा मन्त्री वादीले बाल अधिकारको संरक्षण, प्रवर्धन र सिआरसी प्रतिवेदन प्रक्रियालाई प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

उनले लैङ्गिक हिंसा मुक्त समाज निर्माणका लागि आ–आफ्नोतर्फबाट योगदान गर्न सबै व्यक्ति, परिवार, समुदाय, सरकारी निकाय, निजी क्षेत्र, सञ्चारमाध्यम तथा सरोकारवाला सङ्घ÷संस्था र निकायमा अनुरोध पनि गरे ।

कार्यक्रममा सिआरसीको अवधारणा, नेपालका प्रतिबद्धता, प्रतिवेदन प्रक्रिया, बाल अधिकारका प्रमुख क्षेत्रहरू तथा आगामी कार्ययोजनाबारे छलफल गरिएको थियो । मन्त्रालयले बालबालिकासम्बन्धी ऐन, २०७५ संशोधन गर्न सर्वसाधारणको राय पनि मागेको छ ।

त्यसैगरी मन्त्रालयले महिला तथा किशोरीहरूलाई लैङ्गिक हिंसा भएमा वा घटनाको जानकारी पाएमा ११४५ निःशुल्क हेल्पलाइन सेवा वा अस्पतालमा अवस्थित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र वा नेपाल प्रहरीको टेलिफोन नं १०० वा बाल हेल्पलाइन सेवा १०९८ वा मन्त्रालयको इमेल, मोबाइलमा सम्पर्क गरी तत्कालै जानकारी गराउन पनि अनुरोध गरेको छ । रासस

# अध्यादेशबारे कांग्रेसले संसद्मा आवाज उठाउने

**काठमाडौं ।**
नेपाली कांग्रेसले संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा विषयमा संसद्मा आवाज उठाउने भएको छ । बुधबार सिंहदरबारमा बसेको कांग्रेस संसदीय दलको बैठकमा सरकारले ल्याएको अध्यादेशमध्ये संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा पार्टीको गम्भीर असहमति रहेकाले संसद् बैठकमा यसबारे गम्भीर रुपमा आवाज उठाउन निर्देशन दिइएको पार्टी सभापति गगन थापाले जानकारी दिए ।

संसदमार्फत संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा ल्याइएको विषयलाई सच्चाउनका लागि सरकारलाई दबाब दिन कांग्रेस सांसदहरूले आवश्यक भूमिका निर्वाह गर्ने उनको भनाइ छ । सभापति थापाले संवैधानिक निकायहरूमा सरकार प्रमुखको एकलौटी नियन्त्रण राख्नका लागि सरकारले अध्यादेश ल्याएको आरोप समेत लगाए ।

उनले प्रधानन्यायाधीश कसलाई बनाउने भन्ने पहिले नै तय भइसकेको भन्दै आफ्नो खल्तीबाट झिकेको नामलाई पारित गराउन जालझेलपूर्ण रुपमा कानून बनाइएको तर्क गरे । सभापति थापाले वर्तमान सरकारलाई प्राप्त जनादेशलाई सम्मान गर्ने सबैको जिम्मेवारी भएकाले संविधानको सीमाभित्र रहेर गरेका काममा कांग्रेसले कुनै अवरोध नपुराउने उल्लेख गरे ।

तर संविधानविपरितको काममा सरकार अघि बढे सशक्त खबरदारी गर्ने उनको भनाइ छ ।

उनले पछिल्ला निर्णय हेर्दा वर्तमान सरकार ठूलो भ्रममा रहेको जस्तो देखिएको जिकिर गरे । त्यस्तै सभापति थापाले भूमिहीन दलित र सुकुम्वासीको पहिचान गरी उचित व्यवस्थापन गर्नुपर्नेमा डोजर आतंक मच्चाइएको भन्दै आपत्ति जनाए । उनले नागरिकप्रतिको कर्तव्यलाई नभुल्न समेत सरकारलाई सुझाव दिए ।

# सरकारको एक निर्णयबाट खारेजीमा कर्मचारीका १२ वटा ट्रेड युनियन



**काठमाडौं ।**
बालेन्द्र शाह नेतृत्वको सरकारले निजामती तथा स्वास्थ्य सेवाका कर्मचारीहरूका राष्ट्रियस्तरका ट्रेड युनियनहरू खारेज गरेको छ । ती ट्रेड युनियनहरूलाई राजनीतिक दल निकटको आरोप लगाइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले बुधबारको निर्णयअनुसार ती ट्रेड युनियनहरू खारेज गरिएको जनाएको हो ।

विभागका अनुसार 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश–२०७' का आधारमा पञ्जिकाधिकारीको निर्णयबाट यसअघि दर्ता भई क्रियाशील रहेका निजामती कर्मचारी तथा स्वास्थ्य सेवाका ट्रेड युनियनहरू खारेज गरिएको हो ।

खारेज गरिएका युनियनहरूमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेशी निजामती कर्मचारी मंच, नेपाल स्वास्थ्यकर्मी संघ, मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल छन् ।

त्यस्तै, नेपाल स्वास्थ्य सेवा ऐनअन्तर्गत दर्ता भएका नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपाल र राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठन पनि खारेजीमा परेका छन् ।

विभागका प्रवक्ता ई. मणिनाथ गोपले जारी गरेको सूचनामा उक्त निर्णयबारे सम्बन्धित सबैलाई जानकारी गराइएको उल्लेख गरिएको छ । रासस

# कांग्रेसले प्रदेश र स्थानीय तह केन्द्रित भेला आयोजना गर्ने



**काठमाडौं ।**
नेपाली कांग्रेसले सातै प्रदेशमा प्रदेश र स्थानीय तह केन्द्रित प्रदेश स्तरीय भेला आयोजना गर्ने भएको छ । पार्टी कार्यालय सानेपामा बुधबार बसेको कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको बैठकमा वैशाख २६ देखि जेठ १५ गतेसम्म देशका सातवटै प्रदेशमा प्रदेश र स्थानीय तह केन्द्रित प्रदेश स्तरीय भेला आयोजना गर्ने जानकारी गराइएको हो ।

जसअनुसार वैशाख २६ र २७ गते सुदूरपश्चिम प्रदेश, वैशाख २८ र २९ गते कर्णाली प्रदेश, वैशाख ३१ र जेठ १ गते गण्डकी प्रदेश, जेठ ४ र ५ गते, बागमती प्रदेश, जेठ ६ र ७ गते मधेश प्रदेश, जेठ ८ र ९ गते कोशी प्रदेश र जेठ १४ र १५ गते लुम्बिनी प्रदेशमा भेलाको आयोजना गरिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानको पहिलो बैठकमा पार्टी सभापति गगन थापाले प्रतिष्ठानको वैधानिकता, काम, कर्तव्य र अधिकारका विषयमा जानकारी गराएका थिए ।

उनले सरकार लगायत सरोकारवाला निकायलाई पार्टीका तर्फबाट दिनुपर्ने सुझावका विषयमा समेत प्रतिष्ठानले आवश्यक प्रशिक्षण गर्नुपर्ने धारणा राखे ।

बैठकमा सभापति थापाले प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्मालाई शपथ गराएका थिए भने प्रतिष्ठानका प्रमुख शर्माले नवनियुक्त सदस्यहरूलाई शपथ गराएका थिए । बैठकले प्रतिष्ठानको उपप्रमुखमा मधु आचार्यलाई चयन गरेको छ ।

# भारतीय केरा आयात रोकिँदा नेपाली केराले मूल्य पाउन थाले



**बागलुङ ।**
बागलुङ नगरपालिका–१३ नयाँ पुलका लीलाधर जैसीको केरा बारीमा हिजोआज दिनकै बजारका व्यापारीको बास हुन्छ । स्थानीय जातका केराको खोजीमा बागलुङ र कुश्मा बजारका व्यापारी दिनदिनै उनको बारी धाउँछन् ।

पछिल्लो छ महिनायता लीलाधर र उनको गाउँका किसानले केरा बेच्नका लागि बजार जानु परेको छैन । घरघरमै दिनदिनै आउने व्यापारीले केरा आफैँ खोज्छन्, आफैँले काट्छन् र गन्ती गरेपछि केराकै बोटको फेदमा पैसा बुझाउँछन् । यो देखेर यहाँका किसान दङ्ग छन् ।

भारतीय केराको आयात रोकिएपछि यहाँका स्थानीय केराको मूल्य बढेको छ । जाडो मौसममा प्रतिदर्जन रु ६० र गर्मी मौसममा प्रतिदर्जन रु. ७० देखि ८० मा बिक्री हुँदै आएको केरा आजभोलि दर्जनको रु. १०० पर्न थालेको छ । बजार जाने झन्झट नहुने र बारीमै केराको मूल्य बढी पाउँदा निकै खुसी लागेको जैसी बताउँछन् । दर्जनमा हिसाब हुने गाउँघरमा व्यापारीले किसानको बारीबाट नै केरा उठाएर थैलो भर्छन् । यहाँका किसानको दैनिकी धान्ने अर्को स्रोत केरा हो । नयाँ पुल आसपासका क्षेत्रमा केरा खेती विस्तार हुँदै गइरहेको छ ।

बागलुङको जैमिनी नगरपालिका–४ सर्कुवाका किसान ईश्वरीप्रसाद शर्माले पनि पछिल्लो समय केराले राम्रो मूल्य पाएको बताउँछन् । बजारमा भारतीय केरा र नेपालको तराईको केरा आउँदा स्थानीय जातका केरा बिक्री गर्न कठिन हुने गरेको भए पनि पछिल्लो समय केराको माग उच्च रहेको उनले बताए । योबेला केरा फलाउन सकेको भए निकै राम्रो मूल्यमा बिक्री हुने रहेछ, जैमिनी नगरपालिका–१ कुश्मीशेराका किसान मोतीप्रसाद शर्माले भने, अघिल्ला वर्षको तुलनामा यो वर्ष केराको माग उच्च छ ।' माग र मूल्य दुवै बढेकाले केरा खेती गरेका किसानले राहतको महसुस गरेको उनले बताए ।

वर्षात्को समयमा मात्रै कोदो र मकै फल्ने बारीलाई सदुपयोग गरेर यहाँका किसानले केरा खेती गर्दै आएका छन् । मकै र कोदोको मूल्य हिसाब गर्दा वर्षमा १८ हजार कमाई हुन्थ्यो, लगाउने गोड्ने दुःख त कति हो कति, शर्माले भने, समयमा पानी र मल दिएपछि राम्रो फल्ने केराले अहिले मेरो दैनिकी नै बदलिएको छ । पछिल्लो समय गाउँका किसानले परम्परागत खेतीलाई परिवर्तन गरेर केरा खेती गरेका छन् । मोतीप्रसाद शर्माले जस्तै जैमिनीका किसानले बाँझो जग्गा र खेतीयोग्य जमिनमा केरा खेती गरेका छन् । किसानले केराका लागि आवश्यक मलको जोहो गर्न गाई भैँसी पालेका छन् । खानेपानीको लागि प्रयोग भइरहेको पानीलाई बचत गरेर केरामा सिँचाइ गर्छन् ।

यहाँका किसानले स्थानीय रामरेखे लोकल, मालबोक, मुङ्ग्रे, ध्रुसे, फुस्रे, जहाजी, चिनीकेरालगायत केरा खेती गरेको जैमिनी नगरपालिकाका कृषि प्राविधिक रवीन्द्र शर्मा बताउँछन् । कसैले व्यावसायिक खेती गरेका छन् भने केहीले आफ्नो थोरैथोरै जग्गामा दुई चार बोट मात्रै केरा लगाएरै आम्दानीसँग जोडिएका छन् ।

बजारमा पनि पछिल्लो समय स्थानीय केराकै माग धेरै छ । स्थानीय जातको केरा पकाउनका लागि कुनै विषादीको प्रयोग गर्न नपर्ने र खाँदा स्वादिलो भएकाले केराको माग उच्च रहेको बागलुङ बजारका व्यवसायी सागर सुवेदीले बताए । यहाँको केरा पाकेपछि पनि लामो समय टिक्छ, घाटा हुँदैन', सुवेदीले भने, 'तराई र भारतको केराभन्दा व्यवसायी र उपभोक्ता दुवैलाई यो केरा फाइदा हुने खालको छ । पछिल्लो समय केराको मूल्य बढाएरै किसानलाई भुक्तानी दिने गरिएको सुवेदीले बताए । उनका अनुसार पछिल्लो एक वर्षयता बागलुङ बजारमा केराको माग स्थानीय केराले नै धानेको छ ।

बजारमा स्थानीय केराको मूल्यप्रति दर्जन रु. १२० देखि १८० सम्ममा बिक्री हुने गरेको छ । एकद रूपमा तराईबाट आउने केराको मूल्य भने प्रतिदर्जन २५० भन्दा धेरै छ । बागलुङ बजारमा दर्जन बढी होलसेल व्यापारीमार्फत दैनिक १०० कार्टुनभन्दा धेरै भारतीय केरा भित्रिने गरेको थियो । एक हजार ३०० देखि एक हजार ६०० प्रतिकार्टुन तिरेर यहाँका व्यवसायीले केरा खरिद गर्ने गरेका थिए । तर अहिले त्यो सबै माग स्थानीय केराले धानेको स्थायी थोक व्यवसायी खिमबहादुर केसीले बताए । यति नै भनेर तथ्यांक राखिएको त छैन तर दैनिक दुई लाख माथि केराको खरिदमा बाहिरिने गरेको थियो, केसीले भने, मागेजति त पुगेको छैन, तर अहिले लोकल केराले अभाव हुन भने दिएको छैन ।

बागलुङका स्थानीय सरकारले पनि केरा खेतीको प्रवद्र्धनका लागि विभिन्न कार्यक्रम बनाएका छन् । जैमिनी नगरपालिकाले 'शेरा जाउँ केरा खाउ' अभियान नै घोषणा गरेको छ । किसानलाई बीउ मल र बजारीकरणमा स्थानीय सरकारले सहयोग गर्ने गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताए । रासस

# अन्टार्कटिकामा पर्यटनसँगै जोखिम बढ्दो



**अन्टार्कटिका ।**
जलवायु परिवर्तनका कारण तीव्र रूपमा पग्लिँदै गएको अन्टार्कटिकातर्फ आकर्षण बढेसँगै त्यहाँको नाजुक वातावरणमा प्रदूषण, रोग र पारिस्थितिकीय क्षतिको जोखिम पनि उल्लेखनीय रूपमा बढ्दै गएकोमा विज्ञहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् । पृथ्वीको सबैभन्दा दुर्गम र संवेदनशील भूभाग मानिने यो महाद्वीपमा 'अन्तिम अवसर' को सोचले पर्यटकको चाप तीव्र गतिमा बढिरहेको छ ।

हालसम्म पर्यटक संख्या तुलनात्मक रूपमा कम देखिएपनि वृद्धि दर असाधारण छ । महँगो लागत र लामो यात्रा समयका बाबजुद पछिल्ला वर्षहरूमा अन्टार्कटिकामा जानेहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ, जसले वैज्ञानिक र वातावरणविद्हरूलाई सतर्क बनाएको छ ।

सन् २०२४ मा मात्र ८० हजारभन्दा बढी पर्यटकले महाद्वीपमा अवतरण गरेका थिए भने करिब ३६ हजारले जहाजमै बसेर अवलोकन गरेका थिए । विगत तीन दशकमा पर्यटन गतिविधि दश गुणाले बढेको तथ्याङ्कले देखाउँछ र आगामी दशकमा यो संख्या तीनदेखि चार गुणासम्म बढ्न सक्ने अनुमान गरिएको छ ।

अन्टार्कटिकाको सबैभन्दा बढी भ्रमण गरिने क्षेत्र प्रायद्वीप हो । यो विश्वकै सबैभन्दा तीव्र तापक्रम वृद्धि हुने क्षेत्रमध्ये एक मानिन्छ । अमेरिकी अन्तरिक्ष संस्था नासाका अनुसार सन् २००२ देखि २०२० सम्म हरेक वर्ष औसत १४९ अर्ब मेट्रिक टन बरफ पग्लिएको थियो, जसले यहाँको वातावरणीय असन्तुलन झन् तीव्र बनाएको छ ।

पर्यटनसँगै स्वास्थ्य जोखिम पनि सतहमा देखिन थालेका छन् । हालै डच क्रूज जहाज एमभी होन्डियसमा दुर्लभ हान्ता भाइरसको घातक प्रकोप देखिएपछि विश्वव्यापी ध्यान आकर्षित भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार उक्त जहाज अप्रिल १ मा अर्जेन्टिनाको उशुइयाबाट प्रस्थान गरी अन्टार्कटिका र वरपरका टापुहरूमा पुगेको थियो । सङ्गठनले जहाजमा मानव–देखि–मानव सङ्क्रमण भएको हुनसक्ने आशङ्कामा अनुसन्धान गरिरहेको जनाएको छ । प्रारम्भिक अनुमानअनुसार पहिलो सङ्क्रमित व्यक्ति यात्रा अघि नै सङ्क्रमित भएको हुनसक्छ । यसअघि पनि क्रूज जहाजहरूमा रोगको जोखिम देखिँदै आएको छ । नोरोभाइरस जस्ता सङ्क्रमणहरू सङ्कुचित स्थानमा छिटो फैलिने भएकाले जोखिम उच्च रहन्छ । सन् २०२० मा डायमन्ड प्रिन्सेस जहाजमा कोभिड–१९ फैलिँदा त्यस्तो यात्रा कति जोखिमपूर्ण हुन सक्छ भन्ने उदाहरण देखिएको थियो । हान्ता भाइरस सामान्यतया सङ्क्रमित मुसा वा घरमुसाजस्ता जनावरहरूको फोहरबाट सर्ने भए पनि यस घटनाले नयाँ चिन्ता थपेको छ ।

पर्यावरणीय दृष्टिले पनि जोखिम बढ्दो छ । प्रवासी चराहरूबाट एभियन फ्लू अन्टार्कटिकासम्म पुगेको तथ्य अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले पुष्टि गरिसकेको छ । यस्तो अवस्थाले पर्यटकहरूको गतिविधि अझ कडाइका साथ नियमन गर्नुपर्ने आवश्यकता औँल्याएको छ । अन्टार्कटिका टुर अपरेटरहरूको अन्तर्राष्ट्रिय सङ्गलगायत संस्थाहरूले पर्यटकहरूका लागि कडा स्वच्छता र आचरणसम्बन्धी नियम लागू गरेका छन् । भ्रमणका क्रममा जनावरहरूबाट दूरी कायम राख्ने, जमिनमा अनावश्यक सम्पर्क नगर्ने तथा जुत्ता र उपकरणहरू पूर्ण रूपमा सफा राख्ने निर्देश दिइन्छ । यात्रु र चालक दलले जुत्ता र सामग्रीमा टाँसिन सक्ने सूक्ष्म जीव, बिउ वा फोहोर हटाउन विशेष सरसफाइ उपकरण प्रयोग गर्ने गरेका छन् ।

विज्ञहरूका अनुसार केही पर्यटक 'अन्तिम अवसर पर्यटन' को मनोवृत्तिका साथ त्यहाँ पुग्ने गर्छन्, जसले पग्लिँदै गएको दृश्यलाई प्रत्यक्ष हेर्ने चाहना राख्छन् । तर यही प्रवृत्तिले दीर्घकालीन रूपमा वातावरणमा थप दबाब सिर्जना गर्ने खतरा बढाएको छ । अन्टार्कटिका सन् १९५९ को अन्टार्कटिक सन्धिअनुसार शान्तिपूर्ण र वैज्ञानिक प्रयोजनका लागि मात्र प्रयोग गरिने क्षेत्र हो । सन्धिले कुनै पनि भ्रमणले वातावरण वा वैज्ञानिक तथा सौन्दर्य मूल्यमा नकारात्मक असर पार्न नहुने स्पष्ट व्यवस्था गरेको छ । यद्यपि, पर्यटन तीव्र रूपमा बढ्दै जाँदा पुराना नियमहरू पर्याप्त नहुने चिन्ता पनि व्यक्त हुन थालेको छ । वातावरणविद्हरूले अन्टार्कटिकालाई विश्वका अन्य संवेदनशील पारिस्थितिकीय क्षेत्रसरह कडाइका साथ नियमन गर्न आवश्यक रहेको बताएका छन् । उनीहरूका अनुसार अहिलेको वृद्धि दरलाई बेवास्ता गरिए भविष्यमा यो अमूल्य भूभाग गम्भीर क्षतिको सामना गर्न सक्छ । रासस

# चिप उद्योगमा भारतको तीव्र विस्तार



**नयाँदिल्ली ।**
विश्वव्यापी सेमिकन्डक्टर आपूर्ति श्रृङ्खलामा आफ्नो स्थान मजबुत बनाउने लक्ष्यसहित भारतले ४१ करोड ४० लाख डलर बराबरका दुई नयाँ सेमिकन्डक्टर परियोजनालाई स्वीकृति दिएको छ । यो निर्णयले देशलाई इलेक्ट्रोनिक्स उत्पादनको उदीयमान केन्द्रका रूपमा स्थापित गर्ने सरकारी प्रयासलाई थप गति दिने अपेक्षा गरिएको छ ।

सरकारले सोमबार राति स्वीकृति दिएका यी परियोजनामध्ये एक एलइडी डिस्प्ले उत्पादन सुविधा हो भने अर्को सेमिकन्डक्टर प्याकेजिङ युनिट हो । यी दुई थपिएसँगै भारतमा यस्ता परियोजनाको सङ्ख्या १२ पुगेको छ । यसमा करिब १७ अर्ब २० करोड डलर बराबरको कुल लगानी प्रतिबद्ध रहेको बताइएको छ ।

भारतले सन् २०२१ देखि घरेलु चिप उत्पादन क्षमतामा विस्तार गर्ने रणनीति अघि बढाउँदै आएको छ । आयातमा निर्भरता घटाउने, आपूर्ति प्रणालीलाई सुरक्षित बनाउने तथा प्रविधिमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले निर्माण, डिजाइन र प्याकेजिङसँग सम्बन्धित विभिन्न पूर्वाधारमा निरन्तर लगानी बढाइएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले यी नयाँ परियोजनाहरूलाई भारतलाई विश्वव्यापी सेमिकन्डक्टर मूल्य शृङ्खलामा अग्रणी बनाउने दीर्घकालीन योजनाको महत्त्वपूर्ण हिस्सा भएको बताएको छ । उनका अनुसार सेमिकन्डक्टर क्षेत्रमा भइरहेको प्रगतिले आर्थिक रूपान्तरणलाई तीव्र बनाउने, प्राविधिक आत्मनिर्भरता सुदृढ गर्ने र नवप्रवर्तनमा आधारित पारिस्थितिकी प्रणालीलाई थप ऊर्जा प्रदान गर्नेछ ।

सरकारी विवरणअनुसार एलइडी परियोजना मिनी र माइक्रो डिस्प्ले मोड्युल उत्पादनमा केन्द्रित रहनेछ । यसका लागि कम्पाउन्ड सेमिकन्डक्टर निर्माणसम्बन्धी एकीकृत सुविधा स्थापना गरिनेछ । त्यस्तै, प्याकेजिङ युनिटले अटोमोबाइल, औद्योगिक तथा उपभोक्ता इलेक्ट्रोनिक्स क्षेत्रमा आवश्यक पर्ने चिप समाधान उपलब्ध गराउने लक्ष्य राखेको छ ।

यी पहलहरूले देशभित्र विकास भइरहेको उच्चस्तरीय चिप डिजाइन क्षमतालाई पूरक सहयोग पु¥याउने र समग्र सेमिकन्डक्टर पारिस्थितिकी प्रणालीलाई उल्लेखनीय रूपमा सुदृढ बनाउने विश्वास सरकारको छ ।

भारतको चिप बजार पनि तीव्र रूपमा विस्तार भइरहेको छ । सन् २०२३ मा करिब ३८ अर्ब डलरको रहेको बजार सन् २०२४–२५ सम्म ४५ देखि ५० अर्ब डलरसम्म पुग्ने अनुमान गरिएको छ । सरकारले सन् २०३० सम्म यस क्षेत्रलाई एक खर्ब डलरको स्तरमा पु¥याउने महत्त्वाकांक्षी लक्ष्य अघि सारेको छ । यसअघि स्वीकृत कतिपय उत्पादन केन्द्रहरूले सञ्चालन सुरु गरिसकेका छन् भने दुई परियोजनाले त व्यावसायिक ढुवानीसमेत सुरु गरिसकेको बताइएको छ, जसले भारतको चिप उद्योग विस्तारको गति झन् स्पष्ट बनाएको छ । रासस

# अर्थतन्त्रको उन्नयनका निम्ति काम गर्ने अध्यक्ष श्रेष्ठको प्रतिबद्धता



**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले मुलुकको आर्थिक उन्नयनका निम्ति हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । महासङ्घ अध्यक्षको कार्यभार सम्हाल्नुअघि सङ्क्षिप्त कुरा गर्दै उनले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् । उद्यमी व्यवसायीका साथै लगानीको सुरक्षा आफ्नो पहिलो प्राथमिकता भएको उनले बताए ।

निजी क्षेत्र र सरकारबीचको साझेदारी अपरिहार्य छ भन्दै उनले राष्ट्रको समृद्धि आपसी साझेदारीबाटै सम्भव हुने बताए ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठ बुधबार देखि महासङ्घको अध्यक्ष भएका छन् । महासङ्घको विधानमा वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधानअनुसार उनले कार्यभार सम्हालेका हुन् । अध्यक्ष श्रेष्ठ साढे दुई दशकदेखि महासङ्घमा आबद्ध छन् । उनी व्यावसायिक घराना लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक हुन् । रासस

# प्रिमियर कपका लागि नेपाली क्रिकेट टोली घोषणा




**काठमाडौं ।**
एसियन गेम्स महिला छनोट तथा एसीसी महिला प्रिमियर कपका लागि नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीको घोषणा गरिएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) ले बुधबार इन्दु बर्माको नेतृत्वमा १४ सदस्यीय टोली घोषणा गरेको हो । एसियन गेम्स महिला छनोट मलेसियामा मे २३ देखि ३१ सम्म हुदै छ । एसीसी महिला प्रिमियर कप २०२६ आउँदो जुन १ देखि १३ सम्म हुँदै छ ।

नेपाली टोलीमा इन्दु बर्मा (कप्तान), पूजा महतो (उपकप्तान), बिन्दु रावल, सम्झना खड्का, रुवि पोद्दार, कविता जोशी, रिया शर्मा, सिता रानामगर, अनु कठायत, मनिषा उपाध्याय, रुविना क्षेत्री, सोनी पाख्रिन, सिमाना केसी रहेकी छन् । त्यस्तै वैकल्पिक खेलाडीमा सावित्री धामी, सोमु विष्ट, सना प्रविन र लक्ष्मी साउद रहेकी छन् ।

# चुँदीरम्घालाई साहित्यिक पर्यटनको केन्द्र बनाइने




**तनहुँ ।**
भानु नगरपालिका–४ चुँदीरम्घालाई सप्तधामका रुपमा विकास गरी साहित्यिक पर्यटनको केन्द्र बनाइने भएको छ । सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक रवीन्द्र बोहराले सो स्थानमा भानु साहित्य उद्यान निर्माणका लागि चालु आर्थिक वर्षमा २० करोड रुपैयाँ बजेट विनियोजन गरी काम सुरु गरिएको जानकारी दिए ।

उद्यान निर्माणका लागि बोलपत्र आह्वान गरी मूल्याङ्कन भइरहेको र पहिलो चरणको काम यसै आर्थिक वर्षमा सम्पन्न गरिने उनले बताए ।

उनले भने, आगामी वर्षका लागि पहुँच मार्ग निर्माण, भानुघर निर्माणका लागि बजेट प्रस्ताव गरिएको छ । स्थानीय सन्देश आचार्यले उद्यानले यस क्षेत्रकै विकास हुने बताए । उनले भने, भानु साहित्य उद्यानले यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक र साहित्यिक उन्नयनका लागि ठूलो टेवा पुग्नेछ ।

चुँदीरम्घाको उत्तरतर्फ रम्घाडाँडामा भानु भवन निर्माण गरिनेछ । सो भवन परम्परागत गोलघर शैलीमा निर्माण गरिने र उक्त घरमा भानुभक्त आचार्यका जीवनीको सम्पूर्ण पक्षलाई चित्राङ्कन गरी उहाँको जीवनी र स्मृतिसँग सम्बन्धित चित्रकृति राख्ने प्रस्ताव गरिएको छ । उक्त भवनको माथि ५४ फिट अग्लो पलेँटी मारेर बसेको आदिकवि भानुभक्त आचार्यको विशाल प्रतिमा निर्माण गरिनेछ । गुरुयोजनाअनुसार दक्षिण दिशामा विविध भाषा, साहित्यिक स्रष्टाको मूर्ति निर्माण गरिनेछ । मूर्तिबाटिकाको तल भानु साहित्यिक ग्राम, भानुबस्ती, भानु प्रज्ञाभवन, वनस्पति उद्यान, वनभोजस्थल र पार्किङ क्षेत्र निर्माण गरिने योजना रहेको छ ।

उद्यान निर्माण सम्पन्न गर्न करिब एक अर्ब रुपैयाँ बजेट अनुमान गरिएको छ । भानु नगरपालिका प्रमुख आनन्दराज त्रिपाठीले गुरुयोजना कार्यान्वयनका लागि ४३५ रोपनी जग्गा अधिग्रहण गरिएको जानकारी दिए । उनले भने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा भानुभक्तको आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौँ । उद्यानका लागि हालसम्म एक करोड ८० लाख ४१ हजार ५०० खर्च भएको जनाइएको छ । रासस

# बाँकेमा थपिए एक हजार ३२६ नयाँ मतदाता



**बाँके ।**
जिल्ला निर्वाचन कार्यालय, बाँकेमा एक महिनाको अवधिमा कुल एक हजार ३२६ जना नयाँ मतदाताले मतदता नामावलीमा नाम दर्ता गरेका छन् । तीमध्ये एक हजार ४८ जनाले राष्ट्रिय परिचयपत्रका आधारमा र २७८ जनाले अनलाइन तथा कार्यालयमा उपस्थित भएर मतदाता नामावलीमा नाम दर्ता गरेका हुन् ।

निर्वाचन कार्यालयले चैत २२ गतेदेखि मतदाता नामावलीमा नाम दर्ताका लागि आवेदन दिन आग्रह गरेपछि जिल्ला निर्वाचन कार्यालयमा भीड लाग्न थालेको जिल्ला निर्वाचन कार्यालय, बाँकेका प्रमुख टेकबहादुर शाहीले जानकारी दिए ।

उनले दैनिक २० देखि २५ जना दैनिक रूपमा मतदाता नामावलीमा नाम दर्ताका लागि कार्यालयमा आइरहेको जानकारी दिँदै युवा उमेरका मतदाताले अनलाइनबाट आवेदन दिएको उल्लेख गरे । अधिकांश आवेदन दिने २० देखि ४० वर्षसम्मका छन् ।

शाहीका अनुसार मतदाता नामावलीका लागि भौतिक रूपमा उपस्थित हुनेसँगै अनलाइनबाट आवेदन दिने धेरै छन् ।

‘मतदाता नामावलीमा छुटेका देखिन्छन् त्यसैले आवेदन खुला गरिएको छ’, जिल्ला निर्वाचन कार्यालय, बाँकेका प्रमुख शाहीले भने ।

प्रमुख शाहीले यो सङ्ख्या बढ्दै जाने उल्लेख गर्दै अनलाइनबाट नै त्रुटि सच्च्याउने तथा अद्यावधिक गर्ने कार्य भइरहेको बताए ।

शाहीले अहिले त्रुटि सच्च्याउने तथा अद्यावधिक गर्नका लागि समय धेरै नलाग्ने उल्लेख गरे । रासस

# बस्ती खाली गर्दा तीन विद्यालय भत्किए, विद्यार्थीको शिक्षा निरन्तरताका लागि स्थानान्तरण

**काठमाडौं ।**
काठमाडौं उपत्यकाका नदी किनारका अतिक्रमित तथा सुकुमवासी बस्ती हटाउने क्रममा भत्काइएका तीन सामुदायिक विद्यालयका विद्यार्थीले नजिकैको विद्यालयमा पढ्न थालेका छन् ।

बस्ती खाली गर्ने क्रममा भत्काइएको काठमाडौं महानगरपालिका–१६ बालाजुस्थित बुद्धज्योति बाल उद्यान आधारभूत विद्यालय र बालकल्याण आधारभूत विद्यालयका छात्रछात्रालाई नजिकैको सामुदायिक विद्यालयमा स्थानान्तरण गरिएको छ । काठमाडौं महानगरपालिकाका शिक्षा अधिकृत नेत्रप्रसाद पौडेलले दुवै विद्यालयमा विद्यार्थी, शिक्षक र सम्पत्ति व्यवस्थापन हुने बताए ।

बुद्धज्योतिलाई नजिकैको कामनापा– १६ कै तरुण माध्यमिक विद्यालयमा र बालकल्याणलाई कामनपा १७ को नेपाल युवक मावि, पकनाजोलमा स्थानान्तरण गरिएको छ । बालकल्याणमा पनि १२० जना विद्यार्थी थिए । बुद्धज्योतिमा रहेका प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्ममा १२० विद्यार्थीमध्ये ४५ जना तरुण माविमा भर्ना भइसकेका उक्त माविका प्रधानाध्यापक बाबुराम न्यौपानेले जानकारी दिए ।



बुद्धज्योतिका ११ जना शिक्षक पनि तरुण माविमा स्थानान्तरण भएका छन् । काठमाडौँ महानगरपालिकाको शिक्षा विभागले स्थानान्तरणको पत्र दिएसँगै आफूहरू तरुण माविमा हाजिर भई काम गर्न थालेको बुद्धज्योतिका तत्कालीन प्रधानाध्यापक सन्तराम श्रेष्ठले बताए ।

आफूहरूले त्यहाँका विद्यार्थी र अभिभावकसँग सम्पर्क गरेर तरुण माविमा आउन चाहने सबैलाई त्यहाँ भर्ना हुन भनिरहेको श्रेष्ठले जनाए । बुद्धज्योतिका विद्यालय व्यवस्थापन समितिका सदस्य अष्टमाया लामाले ‘हाम्रो विद्यालयको सबै सामान र बच्चाहरू को कता भन्ने स्पष्ट भइसकेको छैन । सम्भव हुने जतिलाई तरुण माविमा जान भनेका छौँ’, भनिन् ।

काठमाडौं महानगरपालिकाले बस्ती खाली गर्ने क्रममा विस्थापित भएका बालबालिकालाई सामुदायिक विद्यालयका साथै निजी तथा आवासीय विद्यालयमा पनि निःशुल्क भनाए गराउन पहल गरेको छ । महानगरका कार्यवाहक प्रमुख सुनीता डङ्गोलका आग्रहपछि निजी शिक्षालय सञ्चालकका संस्थाहरुले नेपाल सरकारद्वारा काठमाडौँ उपत्यकाका विभिन्न नदी किनार तथा मुलुकका विभिन्न जोखिमयुक्त स्थानमा रहेका सुकुमवासी बस्ती खाली गराउँदा प्रभावित भएका समुदायका बालबालिकाको पढाइमा आफूहरूले रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत, स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी प्रभावित तथा वास्तविक सुकुमवासी परिवारका बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चितका लागि आवश्यक सहयोग र सहजीकरण गर्न आफूहरू तत्पर रहेको निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन)का महासचिव आरबी कटवालले बताए ।

सरस्वती आधारभूत विद्यालय सामुदायिक भवनमा

संरचना हटाउने क्रममै भत्किएको भक्तपुरको मनोहरा खोला नजिकको सरस्वती आधारभूत विद्यालय, हाललाई मध्यपुरथिमी नगरपालिकाका वडा नम्बर १ कार्यालय, अगाडिको सामुदायिक भवन, लोकन्थलीबाट सञ्चालन गर्न थालिएको वडाध्यक्ष बाबुकाजी डङ्गोलले जानकारी दिए ।

नगरपालिकाका सूचना अधिकारी एवं वरिष्ठ कानुन अधिकृत केशव सिलवालले नगरप्रमुख सुरेन्द्र श्रेष्ठस्तरीय निर्णयबाट हाललाई सरस्वती माविलाई अर्को भवनबाट सञ्चालन गराइएको र त्यहाँ आवश्यक अस्थायी प्रबन्ध गरिने गराए । सो विद्यालयमा पनि १२० विद्यार्थी थिए ।

बाल अधिकारकर्मी तिलोत्तम पौडेलले प्रभावित क्षेत्रमा बालबालिकालाई नजिकैको निजी विद्यालयमा निःशुल्क भर्ना गर्ने, आवश्यकताअनुसार आवास तथा यातायातको व्यवस्थापन गर्ने, मनोवैज्ञानिक सहयोगको उपयुक्त व्यवस्था र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला एक भएर अघि बढ्न आग्रह गरे । रासस

# वर्षासँगै घट्यो उपत्यकाको प्रदूषण



**काठमाडौं ।**
वर्षा र हावाहुरीका कारण काठमाडौँ उपत्यकाको वायु गुणस्तरमा उल्लेख्य सुधार आएको छ । एयर क्वालिटी इन्डेक्स (एक्युआइ)को पछिल्लो तथ्यांकअनुसार बुधबार बिहान ११ःः०० बजेसम्म उपत्यकाको वायु गुणस्तर सूचकांक ४७ मा झरेको छ, जुन ‘राम्रो’ अर्थात् स्वस्थ श्रेणीमा पर्दछ । केही साताअघि विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा रहेको काठमाडौँ हाल सुधार हुँदै ६६औँ स्थानमा झरेको छ । एक्युआई मापदण्डअनुसार ०–५० सम्म ‘राम्रो’, ५१–१०० ‘मध्यम’, १०१–१५० ‘अस्वस्थ’, १५१–२०० ‘सबैका लागि अस्वस्थ’, २०१–३०० ‘धेरै अस्वस्थ’ र ३०० भन्दा माथि ‘अत्यन्त खतरनाक’ मानिन्छ ।

गत वैशाख १० गते उपत्यकाको वायु गुणस्तर सूचकांक २४७ सम्म पुगेको थियो, जुन ‘धेरै अस्वस्थ’ श्रेणीमा पर्ने भएकाले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर जोखिम देखिएको थियो । विज्ञहरूले त्यसबेला प्रदूषणको उच्चस्तरले श्वासप्रश्वाससम्बन्धी समस्या बढाउने चेतावनी दिएका थिए । वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार लामो समयसम्म वर्षा नहुँदा धुलो, धुवाँ र डढेलोबाट उत्पन्न प्रदूषण वायुमण्डलमा थुप्रिने गर्दछ ।

‘सुक्खा मौसममा वन डढेलो बढ्ने र त्यसबाट निस्किएको धुवाँ उपत्यकामा थुनिने भएकाले प्रदूषण उच्च हुन्छ’, उनले भने, ‘छिमेकी मुलुक भारतबाट आउने प्रदूषित हावाले पनि काठमाडौँको वायु गुणस्तरमा असर पार्ने गरेको छ ।’ उनले वर्षासँगै धुलो र धुवाँ पखालिने तथा हावाको बहाव बढ्ने भएकाले वायु गुणस्तर सुधार हुने बताए । साथै, दीर्घकालीन रूपमा प्रदूषण नियन्त्रण गर्न दिगो र वातावरणमैत्री विकासका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक रहेको उनको जोड छ । हालको सुधारले उपत्यकावासीलाई केही राहत दिएको भए पनि विज्ञहरूले प्रदूषण नियन्त्रणका स्थायी उपायमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याएका छन् । रासस

# प्रहरी परिवारका लागि निःशुल्क आँखा स्वास्थ्य सेवा

**विराटनगर ।**
नेपाल प्रहरी अस्पताल र नेपाल नेत्रज्योति सङ्घबीच बहालवाला तथा पूर्वप्रहरी कर्मचारी, तिनका आश्रित परिवार र सर्वसाधारणलाई गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराइने भएको छ ।

सातै प्रदेशमा आँखा स्वास्थ्य सेवा सञ्चालन गर्ने ती दुई निकायबीचमा सम्झौता भएको थियो । सोही सम्झौताअनुसार अभियानको सुरुआत कोशी प्रदेशबाट गरिएको छ ।

नेपाल प्रहरी कोशी प्रदेश कार्यालयको आयोजना तथा नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित विराटनगर आँखा अस्पतालको प्राविधिक सहकार्यमा प्रहरी कर्मचारी, तिनका परिवार तथा पूर्वप्रहरी कर्मचारीका लागि मङ्गलबार निःशुल्क आँखा स्वास्थ्य शिविर सम्पन्न भएको छ ।



शिविरमा २९९ जनाको आँखा परीक्षण गरिएको थियो । यस क्रममा ११२ जनामा दृष्टिदोष पहिचान भएको थियो भने २६० जनालाई आवश्यक औषधि वितरण गरिएको सङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । साथै, ६४ जनालाई निःशुल्क चस्मासहित आँखा स्वास्थ्य सेवा प्रदान गरिएको थियो ।

कार्यक्रमको शुभारम्भ नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक विनोद घिमिरे तथा नेपाल नेत्रज्योति सङ्घका केन्द्रीय महासचिव भरत चन्दले संयुक्त रूपमा गरेका थिए ।

कार्यक्रममा विराटनगर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष पद्मनारायण चौधरीले निःस्वार्थ भावनाका साथ सेवा प्रदान गर्दै शिविरलाई सफल बनाउन योगदान पु¥याउने विशेषज्ञ चिकित्सक, प्राविधिक टोली तथा सम्बन्धित सबैप्रति आभार व्यक्त गरे ।

त्यसैगरी, नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले यस्ता स्वास्थ्य शिविरमार्फत विभिन्न आँखासम्बन्धी समस्या समयमै पहिचान भई उपचार तथा परामर्श प्राप्त हुने भएकाले प्रहरी कर्मचारी तथा प्रहरी परिवारको स्वास्थ्य सुरक्षामा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

शिविरमा विराटनगर आँखा अस्पतालका प्राविधिक टोलीसहित अस्पताल प्रबन्धक कुमार पृथुकोसमेत उपस्थिति थियो । नेपाल नेत्रज्योति सङ्घले विगत करिब पाँच दशकदेखि देशभर गुणस्तरीय, तथा सर्वसुलभ आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

सङ्घमार्फत सञ्चालित आँखा अस्पताल तथा उपचार केन्द्रहरूले स्थापनादेखि सन् २०२५ को अन्तिमसम्ममा सङ्घको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कुल पाँच करोड दुई लाख ४८९ जना आँखाका बिरामीलाई उपचार सेवा प्रवाह गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको छ । रासस

# ट्राफिक कारबाहीबाट छ लाख ४१ हजार राजस्व सङ्कलन



**काठमाडौँ ।**
बितेका २४ घण्टामा दुई हजार २१८ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु छ लाख ४१ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ८६, नियमविपरीत ‘राइड सेयरिङ’ गरेका १७०, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १४८ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १३९ जनालाई कारबाही गरिएको हो । यसैगरी, ‘लेन’ अनुशासन पालना नगर्ने ९४, निषेधित क्षेत्रमा हर्न बजाउने १०८, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने १३८, एकतर्फी सडकमा सवारी चलाउने ११० र अन्य सवारी नियम पालना नगरेका एक हजार हजार १२५ जनालाई कारबाही गरिएको हो । रासस

# लागूऔषधसहित १५ जना पक्राउ

**काठमाडौँ ।**
नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषध सहित १५ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार काठमाडौँ, ललितपुर, रुपन्देही, सिरहा, चितवन, नवलपरासी पूर्व, कैलाली, सुनसरी र सुर्खेतबाट उनीहरु पक्राउ परेका हुन् ।
उनीहरुका साथबाट चिकित्सकको सिफारिसमा मात्रै खरिद गर्न पाइने नियन्त्रित लागूऔषध नोर्फिन, फेनारगन, स्पास्पेन, ट्रामाडोल, आइपिपिएल र डाइजेपाम तथा लागुऔषध खैरो हेरोइन र गाँजा बरामद भएको छ ।
ठगीको अभियोगमा पाँच पक्राउ
वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा पाँच जना पक्राउ परेका छन् ।
बागलुङको काठेखोला गाउँपालिका–३ का २२ वर्षीय सन्दीप थापा मगर, काठमाडौँ महानगरपालिका–३ का ४३ वर्षीय निरबहादुर कार्की, सर्लाहीको चक्रघट्टा गाउँपालिका–२ का ३९ वर्षीय विजयकुमार यादव, काठमाडौँ चन्द्रागिरी नगरपालिका–५ का चिरन्जिवी अधिकारी र रामेछाप लिखु तामाकोशी गाउँपालिका–१ का ३० वर्षीय प्रवेश गुरूङ पक्राउ परेका केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।
उनीहरुले माल्टा, क्रोएसिया, क्यानडा र मकाउ पठाइदिने भन्दै सर्वसाधारणसँग ५० लाखभन्दा बढी ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । पक्राउ परेकालाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभागको जिम्मा लगाइएको छ ।
फरार प्रतिवादी पक्राउ
चेक अनादर मुद्दाका दुई जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको बागमती गाउँपालिका–७ घर भएका ४७ वर्षीय पूर्णबहादुर डिम्डुङ र तेह्रथुमको फिदिम नगरपालिका–४ का ५८ वर्षीया सलिजा कान्दङवा छन् ।
जिल्ला अदालत मकवानपुरको २०८१ माघ १३ गतेको फैसलाले मुद्दामा दुई वर्ष कैद सजाय ठहर भई फरार रहेका उनीहरुलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।
**क्यासिनोबाट १९ पक्राउ**
रुपन्देहीको सिद्धार्थ नगरपालिका–१० स्थित रोयल कालिङ्गा क्यासिनोमा जुवा खेल्दै÷खेलाउँदै गरेको अवस्थामा १९ नेपाली नागरिक पक्राउ परेका छन् ।
लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ र जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट खटिएको प्रहरीले उक्त क्यासिनोबाट गएराति उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरूको साथबाट नगद ९५ हजार ५ सय रुपैयाँ, क्यासिनो क्वाइन ५० थान र मोबाइल १७ थानसमेत बरामद गरेको छ ।
**जुवातास खेलिरहेका १० पक्राउ**
पोखरा महानगरपालिका–१३ काहुँखोलाका ५१ वर्षीय चित्रबहादुर रानाभाटको इटजोन खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा उनीसहित १० जना पक्राउ गरेका छन् । वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७७ हजार १ सय ८० रुपैयाँ र ८९९ पत्ती तासहित पक्राउ गरेको हो ।
**मोटरसाइकल दुर्घटनामा तीन जनाको मृत्यु**
काठमाडौँ चन्द्रागिरि नगरपालिका–१५ ढुङ्गेअड्डास्थित सडकमा बा प्र ०२–०३६ प ०९६६ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक कीर्तिपुर नगरपालिका–४ सल्यानटार बस्ने ३० वर्षीय विशाल धाँमीको मृत्यु भएको छ ।
यस्तै कास्कीको पोखरा महानगरपालिका–१६ पश्चिमाञ्चल क्याम्पस नजिक सडकमा ग १७ प ८१२ नम्बरको मोटरसाइकल अनियन्त्रित दुर्घटना हुँदा नुवाकोट घर भएका ३४ वर्षीय सुजन तामाङको मृत्यु भएको छ । सप्तरीको सप्तकोशी नगरपालिका–१ गोल्चोकस्थित सडकमा बा ५८ प २०२८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका–९ पाटनटोल बस्ने ७४ वर्षीय मिश्रीलाल खङको मृत्यु भएको प्रहरीले जनाएको छ । रासस

# संविधान संशोधन कार्यदलद्वारा पूर्वमहान्यायाधिवक्तासँग छलफल



**काठमाडौँ ।**
संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले आज पूर्वमहान्यायाधिवक्ता तथा कानून क्षेत्रका विज्ञहरुसँग परामर्श गरेको छ । प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल गरेको हो ।
छलफलमा सहभागी पूर्वमहान्यायाधिवक्ताहरुले शासकीय स्वरुप, निर्वाचन प्रणाली, सङ्घीय संरचना, न्यायपालिकाको पुनःसंरचना, संवैधानिक निकायको संख्या तथा समावेशितालगायत विषयमा आ–आफ्ना सुझाव प्रस्तुत गरेका थिए । पूर्वमहान्यायाधिवक्ता डा. युवराज सङ्ग्रौलाले संविधान संशोधनको उद्देश्य र आवश्यकता स्पष्ट रूपमा परिभाषित गर्न कार्यदललाई सुझाव दिए । उनले स्थानीय तहलाई गैरदलीय बनाउने, प्रदेश प्रमुख प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्न सकिने तथा केही अन्तरराष्ट्रिय अभ्यास अध्ययन गर्नुपर्ने बताए ।
पूर्वमहान्यायाधिवक्ता सविता भण्डारीले संविधान वा कानूनभन्दा त्यसको कार्यान्वयन गर्ने सोच र आचरण महत्वपूर्ण हुने बताए । उनले शासकीय स्वरुप परिवर्तन आवश्यक नरहेको धारणा राख्दै विज्ञसँगै सांसदलाई मन्त्री बन्न पाउने व्यवस्था उपयुक्त हुने उल्लेख गरे । विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने, प्रदेशको संख्या घटाउने तथा मन्त्रालयमा दोहोरोपन हटाएर गाभ्नुपर्ने राय पूर्वमहान्यायाधिवक्ता भण्डारीले व्यक्त गरे । न्याय परिषद् तथा संसदीय सुनुवाइको संरचनामा पनि पुनर्विचार गर्न सकिने उनको भनाइ थियो ।
पूर्वमहान्यायाधिवक्ता रमनकुमार श्रेष्ठले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने धारणा राखे । उनले सांसद मन्त्री बन्न नहुने, न्यायपालिकाको पुनसंरचना आवश्यक रहेको तथा संवैधानिक इजलासको औचित्यमाथि पुनर्विचार गर्नुपर्ने बताए ।
पूर्वमहान्यायाधिवक्ता महादेवप्रसाद यादवले संविधान कार्यान्वयन, राज्य निर्माणमा नेतृत्वको चरित्र र नैतिकताको भूमिका महत्वपूर्ण हुने धारणा राखे । उनले संवैधानिक आयोगको सङ्ख्या पुनरावलोकन गर्न सुझाव दिए ।
पूर्वमहान्यायाधिवक्ता मुक्तिनारायण प्रधानले हाल प्राप्त अधिकारलाई संरक्षण गर्दै थप अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए । उनले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था, संसद्प्रति उत्तरदायित्व, न्यायपालिकाको पुनःसंरचना तथा उच्च अदालतलाई थप सुदृढ बनाउने विषयमा सुझाव प्रस्तुत गरे । प्रदेशको सङ्ख्या घटाउनुको सट्टा प्रदेश संरचनालाई अझ प्रभावकारी बनाउनुपर्ने उनको धारणा थियो ।
पूर्वकानून, न्याय तथा संसदीय मामिलामन्त्री तथा पूर्वमहान्यायाधिवक्ता अग्निप्रसाद खरेलले शासकीय स्वरुपबारे स्पष्ट राजनीतिक धारणा आवश्यक रहेको बताए । उनले स्थानीय तहलाई थप शक्तिशाली बनाउनुपर्ने र समावेशितालाई संविधानको मूल आधारका रूपमा निरन्तरता दिनुपर्ने सुझाव दिए ।
संविधानसभा सदस्य सुरेश आले मगरले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको पक्षमा आफ्नो धारणा राख्नुभयो । उनले न्यायपालिकाको पुनसंरचना आवश्यक रहेको उल्लेख गर्दै संवैधानिक आयोगको संख्या मात्र घटाएर समस्या समाधान नहुने बताए । संस्थाको प्रभावकारिता नेतृत्व र पदाधिकारीको इमान्दारितासँग जोडिने उनको भनाइ थियो ।
प्रतिनिधिसभा सदस्य परशुराम तामाङले अन्तरराष्ट्रिय सम्झौता, मधेशी, मुस्लिम तथा आदिवासी समुदायका सवाल संविधान संशोधनको बहसमा समेटिनुपर्ने बताए । उनले स्थानीय तह र प्रदेशलाई प्रभावकारी बनाउन बाझिएका अनुसूची हटाउनुपर्ने, निर्वाचन प्रणालीमा दल, समुदाय र व्यक्तिको छनोट सुनिश्चित गर्ने व्यवस्थाको आवश्यकता तथा राष्ट्रियसभामा प्रतिनिधित्वको ढाँचा पुनरावलोकन गर्नुपर्ने सुझाव दिए । पूर्वकानून सचिव राजीव गौतमले शासन प्रणाली स्पष्ट हुनुपर्ने, संवैधानिक आयोगको सङ्ख्या पुनरावलोकन गर्नुपर्ने तथा कानून निर्माण प्रक्रियालाई थप प्रभावकारी र छोटो बनाउनुपर्ने सुझाव दिए । उनले न्यायाधीशको कार्यसम्पादन मूल्याङ्कन तथा प्रदेश प्रमुखको भूमिकालाई थप स्पष्ट र प्रभावकारी बनाउनुपर्ने धारणा राखे । कार्यदलका संयोजक शाहले १० वर्षपछि संशोधनको अवधारणा, राजनीतिक दलबीच बढ्दो बहस र पछिल्लो नवपुस्ता (जेन्जी आन्दोलन) बाट आएको भ्रष्टाचार अन्त्य र सुशासनको मागले संविधान संशोधनको आवश्यकता महशुस भएको स्पष्ट पारे । उनले प्राप्त सुझाव बहसपत्र तयारीका लागि महत्वपूर्ण भएको बताए ।

# ‘राष्ट्रिय पोषण लेखाजोखा अभियान’ सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा कुपोषणको अवस्था पहिचान गर्न ‘राष्ट्रिय पोषण लेखाजोखा अभियान’ सञ्चालन गरेको छ ।
‘समयमै पहिचान, सही उपचार—कुपोषण मुक्त पुस्ताको आधार’ भन्ने मूल नारासहित सुरु गरिएको यो अभियान वैशाख ३० गतेसम्म सञ्चालन हुने जनाइएको छ । उपमहानगरपालिका अन्तर्गतका २५ वटै वडामा रहेका २६ वटा स्वास्थ्य संस्थामार्फत बालबालिकाको पोषण अवस्था परीक्षण गरिनेछ । अभियानमार्फत बालबालिकामा देखिन सक्ने कुपोषण समस्या समयमै पहिचान गरी आवश्यक उपचार सेवा सुनिश्चित गर्ने लक्ष्य राखिएको सामाजिक महाशाखाले जनाएको छ ।
स्वास्थ्यकर्मीहरू गाउँ–टोलमै पुगेर बालबालिकाको पोषण जाँच गर्ने व्यवस्था मिलाइएको छ । उपमहानगरपालिकाले अभिभावकहरूलाई आफ्ना बालबालिकाको पोषण परीक्षण अनिवार्य रूपमा गराउन आग्रह गरेको छ । वैशाख ३० गतेसम्म स्वास्थ्यकर्मीहरू समुदायमा पुग्दा बालबालिकालाई जाँच गराउन नछुटाउन अनुरोध गरिएको छ ।
थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकासँग सम्पर्क गर्न पनि उपमहानगरपालिकाले आग्रह गरेको छ ।

# चितुवाको आक्रमणबाट घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला नगरपालिका–७ केमलीपुरमा चितुवाको आक्रमणबाट एक जना घाइते भएका छन् ।
बुधबार बिहान करिब ९ बजे स्थानीय ४८ वर्षीय किर्तिमान विक चितुवाको आक्रमणमा परेका हुन् । इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार घाइते विकको ढल्केबरस्थित एक निजी स्वास्थ्य संस्थामा उपचार भइरहेको छ ।
प्रहरीका अनुसार उनको अवस्था सामान्य रहेको छ भने ढाडलगायत शरीरका विभिन्न भागमा चोट लागेको छ ।
वडा अध्यक्ष रामबहादुर स्याङ्दनका अनुसार नीलगाई नियन्त्रणका लागि लगाइएको तारजालीमा चितुवा फसेको थियो । सोही जानकारी पाएपछि घटनास्थल पुगेका विकमाथि चितुवाले आक्रमण गरेको हो ।
हाल चितुवा तारजालीमै फसेको अवस्थामा रहेको छ । यसको सुरक्षित उद्धारका लागि वन कार्यालय तथा सुरक्षाकर्मीलाई खबर गरिसकिएको वडा अध्यक्ष स्याङ्दनले जानकारी दिएका छन् ।

# शहीदनगरकी उपप्रमुखलाई शौचालय र टेबुल अभाव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको शहीदनगर नगरपालिकाकी उपप्रमुख सुनिता सिंहले आफ्नो कार्यकक्षमा आधारभूत सुविधा अभाव भएको भन्दै सार्वजनिक रूपमा असन्तुष्टि जनाएकी छन् ।
बुधबार आयोजित नगरपालिकाको १४औँ नगरसभाको हिउँदे अधिवेशनमा बोल्दै उनले नयाँ प्रशासनिक भवनमा आफूलाई विभेद गरिएको आरोप लगाइन् ।
उनका अनुसार नगर प्रमुख तथा अन्य पुरुष कर्मचारीका कार्यकक्षमा ‘अट्याच्ड बाथरुम–टोइलेट’को व्यवस्था भए पनि आफ्नो कार्यकक्षमा भने टॉयलेट र आवश्यक फर्निचर नरहेको गुनासो पोखिन् ।
‘म बस्ने कोठामा न टोइलेट छ, न टेबुल । महिला भएकै कारण मलाई विभेद गरिएको जस्तो लाग्छ,’ उनले भनिन् ।
उपप्रमुख सिंहले आफ्नो कार्यकक्षको अवस्थाबारे आगन्तुकलेसमेत प्रश्न गर्ने गरेको उल्लेख गर्दै असहज अवस्था भोग्नुपरेको बताइन् ।
‘जो कोही आउनेले टेबुल कहाँ छ भनेर सोध्छन्, म अहिले बनिरहेको छ भनेर जवाफ दिन्छु,’ उनले सुनाइन् ।
यद्यपि, उनले पदभन्दा सेवा महत्वपूर्ण भएको उल्लेख गर्दै आवश्यक परे आफू भुइँमै बसेर पनि काम गर्न तयार रहेको प्रतिक्रिया दिइन् ।
‘मेरो कोठामा टेबुल–कुर्सी नभए पनि म काम गर्न सक्छु । बरु अन्यत्र आवश्यक छ भने मेरो कोठाको सामग्री लैजान सकिन्छ,’ उनले थपिन् ।
केही दिनअघि मात्रै शहिदनगर नगरपालिकाको कार्यालय नयाँ निर्माण गरिएको प्रशासनिक भवनमा सरेको हो । यसअघि नगरपालिकाले भाडाको भवनबाट सेवा प्रवाह गर्दै आएको थियो ।

# क्रिकेटर लामिछानेको वरियतामा सुधार



**काठमाडौँ ।**
नेपाली क्रिकेट टिमका पूर्व कप्तान सन्दीप लामिछानेको एक दिवसीय अन्तर्राष्ट्रिय(ओडिआई) तर्फको बलिङ वरियतामा व्यापक सुधार भएको छ ।
अन्तर्राष्ट्रिय क्रिकेट परिषद्(आइसिसी) ले जारी गरेको पछिल्लो वरियतामा सन्दीप १५ स्थान सुधार गर्दै ४३औँ स्थानमा उक्लिएका छन् ।
मङ्गलबार मात्र सम्पन्न भएको विश्वकप लिग २ अन्तर्गतको नेपाल, ओमान तथा युएई सहभागी त्रिकोणात्मक सिरिजमा उनले उत्कृष्ट बलिङ प्रदर्शन गरेका थिए । नेपालले खेलेका ४ खेलमा सन्दीपले ८ विकेट लिएका थिए ।
सन्दीप वरियतामा जिम्बाबेका सिकन्दर राजा, भारतका अर्शदिप सिंह तथा न्युजिल्याण्डका ज्याकोब डफी भन्दा अगाडी रहेका छन् ।
त्यसै गरि नेपाली ट्वान्टी २० क्रिकेट टिमका कप्तान दीपेन्द्रसिंह ऐरीको एक दिवसीय अन्तर्राष्ट्रिय(ओडिआई) तर्फको अलराउण्ड वरियतामा व्यापक सुधार गरेका छन् ।
अन्तर्राष्ट्रिय क्रिकेट परिषद्(आइसिसी) ले जारी गरेको पछिल्लो वरियतामा दीपेन्द्र १२ स्थान सुधार गर्दै ३१औँ स्थानमा उक्लिएका छन् ।
मङ्गलवार मात्र सम्पन्न भएको विश्वकप लिग २ अन्तर्गतको नेपाल, ओमान तथा युएई सहभागी त्रिकोणात्मक सिरिजमा उनले अलराउण्ड प्रदर्शन गरेका थिए ।
नेपालले खेलेका ४ मध्ये २ अर्ध शतक र १ शतकसहित २६८ रन तथा ४ विकेट लिएका थिए ।

# स्वास्थ्य मन्त्रालयका १९३ पदाधिकारी पदमुक्त

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत १९३ पदाधिकारी पदमुक्त भएका छन् ।
सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश २०८३ को दफा (२) को उपदफा (१) बमोजिम मन्त्रालयका १९३ पदाधिकारी पदमुक्त भएको मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले जानकारी दिए ।
उनका अनुसार पदमुक्त भएका पदाधिकारीलाई पदमुक्त भएको जानकारीको पत्र पठाउने क्रम सुरु गरिएको छ । ‘अध्यादेशअनुसार पदमुक्त हुनुभएका पदाधिकारीको हामीले पत्राचार गरिरहेका छौँ,’ उनले भने । उनले मन्त्रालयअन्तर्गतका प्रतिष्ठान, समिति र बोर्डअन्तर्गतका ती पदाधिकारी पदमुक्त भएको बताए ।
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स), पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित स्वास्थ्य बिमा बोर्ड, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल मेडिकल काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद्लगायतका निकाय रहेका छन् ।
पदाधिकारीहरुलाई अध्यादेश जारी भएको दिनदेखि पदमुक्त गरिएको मन्त्रालयका सहप्रवक्ता अधिकारीले जानकारी दिए ।
राष्ट्रपति रामचन्द्र पौडेलले वैशाख १९ गते सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश २०८३ जारी गरेका थिए ।

# जल तथा मौसम विज्ञान विभागको सेवा स्तरोन्नति गरिने

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा जलवायु विश्लेषणजस्ता सेवाको स्तरोन्नति गरिने बताएका छन् ।
उनले बुधबार जल तथा मौसम विज्ञान विभागको स्थलगत अनुगमन गरेका थिए । मन्त्री श्रेष्ठले विभागको वस्तुस्थितिका बारेमा अवलोकन पनि गरेका थिए ।
उनलाई विभागकी महानिर्देशक डा. अर्चना श्रेष्ठले विभागको कामहरूबारे जानकारी गराएकी थिइन् । उनले विभागको पछिल्लो पूर्वानुमान प्रभावकारी भएको र अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन